# अध्याय -एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, मर्यादित र उद्देश्यपूर्ण तरिकाले सम्पन्न गर्नका निम्ति मार्गदर्शकको भूमिका खेल्ने शिक्षण सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । शिक्षण सिकाइ क्रियाकलाप आफैँमा एक प्राविधिक कार्य हो, जसलाई व्यवस्थित तरिकाबाट सञ्चालन गर्न सकेको खण्डमा मात्र निश्चित गन्तव्यसम्म पुग्न सकिन्छ । शिक्षणको गन्तव्य भनेको पाठ्यक्रमले राखेका उद्देश्यहरूको सफलतापूर्वक परिपूर्ति गर्नु हो । पाठ्यक्रमले राखेका उद्देश्यको परिपूर्ति गर्नका निम्ति शिक्षण प्रभावकारी हुनु जरुरी हुन्छ । जसको लागि शिक्षक निर्देशिकाको प्रयोग गर्नु आवश्यक हुन्छ ।

शिक्षक निर्देशिकाको उपयोगले शिक्षण सुगम, सरल र प्रभावकारी बन्दछ । निर्देशिकाले पाठ्यक्रम, पाठ्यपुस्तकका आधारमा निर्धारित भाषिक सिपहरूको विकास गर्न, सिकारुको भाषिक कठिनाइहरू बुझ्न र सोअनुसार शिक्षण गर्न सघाउ पुऱ्याउँदछ । शिक्षक निर्देशिकाको प्रयोगगरी शिक्षण कार्य गर्दा शिक्षण प्रभावकारी बन्छ । निर्देशिकाको प्रयोगले शिक्षणमा एकरूपता आउँछ । शिक्षकहरूको शिक्षणलाई एकै किसिमको बनाई हासिल गर्न चाहेको उद्देश्यको परिपूर्तिका लागि शिक्षक निर्देशिकाको महत्त्व रहेको छ ।

नेपालमा पाठ्यक्रम विकास केन्द्रले शिक्षक निर्देशिका निर्माण, परिमार्जन गर्ने कार्य गर्दछ । शिक्षकलाई शिक्षणको क्रममा सहयोग पुऱ्याउने निर्देशिकाको इतिहासलाई पाठ्यक्रम विकास केन्द्रको वेभसाइडमा हेर्दा २०३० सालमा ‘सामाजिक शिक्षा इतिहास कक्षा नौ शिक्षक निर्देशिका पुस्तिका’ र ‘शिक्षक निर्देशन पुस्तिका सामाजिक शिक्षा इतिहास कक्षा आठ’ शिक्षा मन्त्रालयले प्रकाशन गरेको देखिन्छ । यस समयदेखि यता विभिन्न समयमा निर्देशिकाका अङ्गहरू परिवर्तन गर्दै पाठ्यक्रम विकास केन्द्र स्वयम्ले निर्देशिकाको निर्माण गर्दै आएको छ ।

पाठ्यक्रमका उद्देश्यको पूर्ति तथा पाठ्यपुस्तकका विषयवस्तुको विश्लेषणका साथै शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशिका महत्त्वपूर्ण हुन्छ । शिक्षणमा आइपर्ने विविध समस्या एवम् कठिनाईहरूको समाधान गर्न सही ढङ्गले मार्ग

निर्देशन गर्ने हुनाले विभिन्न तहका प्रत्येक विषयमा शिक्षक निर्देशिका तयार पारिएको पाइन्छ । शिक्षक निर्देशिका एक शिक्षक मित्र हो । शिक्षण कार्यमा शिक्षक अल्मलिनु नपरोस भन्ने अभिप्रायले शिक्षण सामग्रीका रूपमा यसलाई प्रयोग गर्नेगरिन्छ । शिक्षण कार्यलाई समय सान्दर्भिक, वस्तुगत, गुणात्मक र उद्देश्य केन्द्रित बनाउनका लागि शिक्षक निर्देशिकाको उपयोग सान्दर्भिक हुन्छ ।

शिक्षण कार्यमा नवप्रवेशी शिक्षकहरूलाई कसरी शिक्षण गर्ने भन्ने अन्योलका बिचमा निर्देशिकाले निर्देशक भूमिका समेत निभाउन सक्छ । कुन पाठलाई कति समय दिने, कसरी शिक्षण गर्ने, कसरी मूल्याङ्कन गर्ने जस्ता यावत् व्यावहारिक पक्षलाई निर्देशिकाले सहज ढङ्गबाट प्रस्तुत गरेको हुनाले शिक्षण कार्यमा सहजता आउँछ । शिक्षक निर्देशिकाको राम्रो प्रयोगले शिक्षण कार्य रुचिकर, प्रभावकारी र सफल बन्दछ । शिक्षकलाई कक्षाकोठामा प्रवेश गर्नुपूर्व तयारी गर्न सहयोग गर्नुका साथै वार्षिक, एकाइगत र दैनिक पाठयोजना निर्माण गर्नपनि सहयोग गर्दछ ।

शिक्षक निर्देशिकाले शिक्षकलाई आफ्नो विषयको शिक्षण गर्न अत्यन्त सहयोगी भूमिका खेल्दछ । पाठ्यपुस्तकमा भएका पाठहरूमध्ये कुन पाठलाई कति समय प्रदान गर्ने कसरी शिक्षण गर्ने भन्ने बारेमा जानकारी प्रदान गर्ने भएकाले यो उपयोगी सामग्री हो । शिक्षणलाई योजनाबद्ध बनाई शिक्षकलाई सक्षम रूपमा शिक्षण कार्यमा प्रस्तुत हुनका लागि यसको महत्त्व रहेको छ । पाठ्यक्रमले राखेका उद्देश्यहरू उचित तवरले कक्षाकोठाको सिकाइबाट हासिल गर्नका लागि शिक्षक निर्देशिकाको सहयोग आवश्यक हुन्छ । पाठको स्वरूपअनुसार शिक्षण विधिको चयनगरी प्रयोग गर्न यसले सघाउँछ ।

शिक्षणसिकाइ क्रियाकलापमा पाठ्यक्रम, पाठ्यपुस्तक र निर्देशिका गरी तिनवटै सामग्रीको आवश्यकता पर्दछ । पाठ्यक्रमले प्रस्तुत गरेको सैद्धान्तिक खाकालाई पाठ्यपुस्तकले व्यावहारिक रूप प्रदान गर्दछ भने शिक्षक निर्देशिकाले त्यसका लागि सहयोग प्रदान गर्दछ । पाठ्यक्रमले विषयवस्तुको निर्देशन गर्दछ, पाठ्यपुस्तकले विषयवस्तु समावेश गर्दछ भने शिक्षक निर्देशिकाले त्यसका लागि सहयोग प्रदान गर्दछ । पाठ्यक्रमले स्पष्ट पार्न नसकेका कुरा पाठ्यपुस्तकले स्पष्ट पार्दछ भने पाठ्यपुस्तकलाई अझ योजनाबद्ध रूपमा निर्देशिकाले स्पष्ट पार्दछ । पाठ्यक्रमले राखेको उद्देश्य हासिल गर्नका लागि शिक्षणसिकाइ क्रियाकलाप विद्यार्थीको उमेर, क्षमता, रूचिअनुसार हुनुपर्दछ । यस कार्यका लागि शिक्षक निर्देशिकामा

सबै विषयवस्तुलाई केन्द्रित गरी क्रियाकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन पद्धति आदि बारेमा उल्लेख गरिएको हुन्छ ।

शिक्षणलाई पट्यारलाग्दो हुनबाट बचाउँदै पाठ्यपुस्तकमा दिइएका विषयवस्तुलाई अनावश्यक गफबाट निरुत्साहित गर्दै शिक्षणलाई योजनाबद्ध, उद्देश्यपूर्ण र वस्तुनिष्ठ बनाउनका लागि शिक्षक निर्देशिका निर्माण गरिएको हो । निर्देशिका प्रत्येक कक्षाको लागि छुट्टाछुट्टै विषयगत रूपमा तयार पारिएको हुन्छ । सबै विषयको शिक्षणमा निर्देशिकाको प्रयोग गर्नु आवश्यक हुन्छ । खासगरी भाषाको शिक्षण गर्ने क्रममा कतिपय शिक्षकहरू तालिम प्राप्त हुदैँनन् भने कतिपय तालिम प्राप्त शिक्षकहरूपनि पाठ्यपुस्तकका विषयवस्तु घोकाउने र कण्ठ गराउनमै व्यस्त देखिन्छन्, त्यस अवस्थामा भाषा पाठ्यपुस्तक भित्रका विषयवस्तुलाई कसरी शिक्षणमा उपयोग गर्ने र भाषा शिक्षणमा विषयवस्तुलाई माध्यम बनाएर कसरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिपलाई प्राप्त गर्न सकिन्छ भन्ने तर्फ सजग बनाउने भएकाले भाषा शिक्षणको क्रममा निर्देशिका आवश्यक तथा उपयोगी हुन्छ । भाषा शिक्षणमा शिक्षक नअल्मलिउन भनी निर्देशिकाको निर्माण गरिएको हो । विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ कार्यकलाप, अभ्यासहरूमा सरिक गराई भाषा पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गराउनु र उच्च तहमा पाठ्यक्रमको अपेक्षा पुरा गराउनु नै शिक्षक निर्देशिकाको आशय रहेको हुन्छ ।

यसरी शिक्षणलाई व्यवस्थित, मर्यादित, योजनाबद्ध, भाषिक सिपको हासिलमा सहयोगी, विद्यार्थीको रुचि र आवश्यकतालाई बुझेर सञ्चालन गर्न निर्देशिकाले सहयोग गर्दछ । भाषा पाठ्यक्रमको अपेक्षा पाठ्यपुस्तकका विषयवस्तुहरू बिच उपयुक्त सन्तुलन कायम गर्दै भाषिक सिपहरूको अधिकतम विकासका लागि शिक्षक निर्देशिका हरेक शिक्षकको एक असल मित्र हो ।

## १.२ समस्याकथन

शीर्षक स्वयममा एउटा समस्या हो । अनुसन्धानका निम्ति छनोट गरिएको कुनैपनि अनुसन्धेय विषयलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ (भण्डारी, २०६९ : ४३) । अनुसन्धान कार्यमा अनुसन्धेय विषयकोरूपमा छानिएको विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरिन्छ । अर्को शब्दमा भन्नुपर्दा अनुसन्धानको विषयवस्तु वा अनुसन्धेय समस्या भन्ने बुझ्नुपर्छ । समस्याको छनोटको क्रममा विषय छनोट र प्रारम्भिक सूचना सङ्कलन

गरी सकेपछि अनुसन्धानकर्ताले अनुसन्धानका समस्याहरूलाई व्याख्या गरी शोधमा समावेश गर्नुपर्दछ । प्रारम्भिक साहित्यको सर्वेक्षणबाट अनुसन्धानकर्ताले समस्याको बारेमा केही ज्ञान वा जानकारी हासिल गर्दछ । अनुसन्धान समस्या भन्नाले केही कठिनाइ वा समस्याहरू सैद्धान्तिक वा व्यावहारिक रूपमा रहेका समस्याहरूको समाधानका उपाय पत्ता लगाउनका लागि गरिने खोजीको विषयवस्तु हो (पौडेल र पण्डित, २०६८ : २६८) । प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित थुप्रै समस्याहरू रहेका छन् तिनीहरूमध्ये केहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

- शिक्षक निर्देशिकाको प्रयोगको अवस्था कस्तो रहेको छ ?
- शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू के कस्ता छन् ?
- कक्षा ८ का लागि शिक्षक निर्देशिका तयार गर्न सकिन्छ ?

## १.३ उद्देश्य

समस्याकथनमा उठाइएका मूल समस्या र शोधप्रश्नहरूको प्रामाणिक समाधान नै उद्देश्यका रूपमा रहेको हुन्छ (घिमिरे, २०७३ : ५) । अनुसन्धानमा कार्यको कारणलाई उद्देश्यका रूपमा लिन सकिन्छ । समस्याकथनमा निहित प्राज्ञिक प्रश्नको समाधान नै अनुसन्धानको उद्देश्य हो । उद्देश्यलाई अनुसन्धान कार्यबाट अपेक्षा गरिएको वा पूर्ति गर्न खोजिएको लक्ष्य भन्ने बुझ्नुपर्छ जसको निर्माण विषयवस्तुको प्रकृति र अध्ययनको आवश्यकताअनुसार गर्नुपर्ने हुन्छ । सामान्यतया उद्देश्यको निर्धारण विषयको छनोटसँग जोडिएर आएको हुन्छ (पौडेल र पण्डित, २०६८ : २७९) । हरेक कार्य गर्नुको आ-आफ्नै उद्देश्य रहेको हुन्छ । उद्देश्यले कुनैपनि कार्यलाई एक निश्चित गोरेटो प्रदान गर्दछ । उद्देश्य दोहोरो अर्थ नलाग्ने, स्पष्ट, छोटो किसिमको हुनुपर्दछ । प्रस्तुत शोधपत्रलाई पनि एउटा गोरेटोमा ल्याउनका लागि निम्नानुसारका उद्देश्यहरू राखिएका छन् -

- शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षक र विशेषज्ञको धारणा पत्ता लगाउनु ।
- शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू पहिचानगरी समाधानका उपायहरू सुझाउनु ।
- कक्षा ८ का लागि शिक्षक निर्देशिका तयार गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपयोगिता

कुनैपनि समस्यामूलक विषयवस्तुमा गहिरिएर अध्ययन गरे पश्चात् त्यसको केही न केही उपयोगिता रहेको हुन्छ । निश्चित उद्देश्यमा रहेर गरिएको कार्य सान्दर्भिक र उपयोगी दुवै हुन्छ । त्यस्तो अनुसन्धान कार्यले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउन सक्छ । प्रस्तुत 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' नामक शोधपत्र कक्षा ८ मा शिक्षक निर्देशिका प्रयोगसम्बन्धी शिक्षकको धारणा कस्तो छ ? शिक्षक निर्देशिका प्रयोग गर्ने क्रममा के कस्ता समस्याहरू छन् ? तिनको समाधान कसरी गर्न सकिन्छ ? भन्ने जस्ता प्रश्नहरूको समाधानमा केन्द्रित रहेको छ । साथै आधारभूत तहका शिक्षकको धारणा, समस्या र समाधानको उपायबारे सरोकारवालाहरूलाई बोध गराउने छ । शिक्षणमा निर्देशिका प्रयोग गर्ने शिक्षक र नगर्ने शिक्षकका धारणा, उनीहरूका समस्या र समाधानका उपाय खोजी नमुना शिक्षक निर्देशिका लेखन समेत गर्नु यस अध्ययनको महत्त्वपूर्ण र सान्दर्भिक कार्य हो । यस किसिमको शोधपत्र विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा हालसम्म नभएको र निर्देशिका लेखनसम्बन्धी नयाँ अनुसन्धान भएकाले गर्दा आगामी अध्ययनकर्तालाई आधार प्रदान गर्दछ । साथै निर्देशिकाको निर्माणका तहमा समेत यो अध्ययन सान्दर्भिक र उपयोगी छ । यी कुराहरूलाई निम्न बुँदाद्वारा व्यक्त गर्न सकिन्छ -

- शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षकको धारणा थाहा पाउन ।
- शिक्षक निर्देशिका सम्बन्धमा देखापरेका समस्याहरू थाहा पाउन ।
- निर्देशिका लेखन सम्बन्धी शोधपत्रको अभावको पूर्तिको लागि उपयोगी ।
- नमुना शिक्षक निर्देशिका निर्माणगरी आगामी अनुसन्धानकर्ताका लागि मार्गप्रदर्शन गर्न ।
- सरोकारवालाहरूलाई शिक्षक निर्देशिका लेखनका लागि उपयोगी ।

## १.५ अध्ययनको परिसीमा

हरेक अध्ययनलाई कुनै क्षेत्रमा सीमित गरिनुपर्छ । सबै क्षेत्रको अनुसन्धान गर्न सम्भव नहुने भएकाले त्यसलाई निश्चित दायराभित्र समेट्नुपर्छ त्यो नै अध्ययनको परिसीमा हो । प्रस्तुत शोधपत्र निम्न पक्षमा सीमित गरिएको छ -

- यो अध्ययन शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षकको धारणा र निर्देशिकाको प्रयोगमा देखापरेका समस्यामा सीमित छ ।

- यो अध्ययन पाँचथर जिल्लाका ५ वटा आधारभूत तहका १० जना शिक्षक र २ जना विशेषज्ञमा केन्द्रित रहेको छ ।
- यो अध्ययन कक्षा ८ को नेपाली पाठ्यपुस्तकको एघार वटा पाठका लागि शिक्षक निर्देशिका लेखनमा सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधकार्यलाई व्यवस्थित र शृङ्खलित बनाउनका लागि शोधपत्रको स्पष्ट रूपरेखा राखिएको हुन्छ । शोधको विषयगत प्रकृति हेरी शोधपत्रको ढाँचा फरक-फरक हुन्छ । प्रस्तुत ‘कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन’ शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : शिक्षक निर्देशिकासम्बन्धी शिक्षक र विशेषज्ञको धारणा

अध्याय पाँच : शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्या र समाधानका उपायहरू

अध्याय छ : कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

व्यक्तिवृत

# अध्याय -दुई
# पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययनगरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूवकार्यको समीक्षा हो (बन्धु, २०७० : २८) । कुनैपनि अनुसन्धान सम्पन्न गर्न त्यसअघि भएका अध्ययनको जगमा टेकेर अनुसन्धाता अघि बढ्नुपर्छ । पूर्वकार्य बिनाको अनुसन्धान स्तरहीन हुन्छ, निरर्थक हुन्छ । विस्तृत अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव वा अनुसन्धान रूपरेखा तयार गर्नु पूर्व नै पूर्वकार्यको राम्रो समीक्षा गरेमा आफ्नो अनुसन्धानकार्य सोद्देश्यमूलक र सार्थक हुन्छ, यसबाट गन्तव्यमा पुग्न सजिलो हुन्छ । त्यति मात्र होइन पूर्वकार्यको समीक्षाबाट समय, साधन, स्रोत र श्रमको बचत हुन्छ (भण्डारी, २०७३ : १) । आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित पहिले के-कस्तो कार्य भएको छ भन्ने जानकारी प्राप्त गर्नका लागि पूर्वकार्यको अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको समीक्षालाई सम्बन्धित साहित्यको पुनरावलोकनपनि भन्ने गरिन्छ । पूर्वकार्यको समीक्षाबाट अध्ययनकर्तालाई आवश्यक मार्गदर्शन प्राप्त हुन्छ । आफूले गर्न लागेको अनुसन्धान कार्यसँग सम्बन्धित पहिले के कति कार्य भएका छन्, तिनीहरुको उपलब्धी कस्तो रहको छ, कति सबल पक्षहरू देखिए कति दुर्बल पक्षहरू छन् र अनुसन्धान क्षेत्रसँग सम्बन्धी के कस्तो पक्षको अध्ययन हुन बाँकी छ, यस्ता पक्षहरूलाई केलाएर आफ्नो अनुसन्धान कार्यलाई सोद्देश्यमूलक र सार्थक बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको समीक्षाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

प्रस्तुत शोधपत्रमा पूर्वकार्यको समीक्षा गर्ने क्रममा निम्न पुस्तक र शोधपत्रको समीक्षा गरिएको छ ।

## २.२ पुस्तक समीक्षा

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले कक्षागत रूपमा शिक्षक निर्देशिका तयार पारेको छ । शिक्षणमा शिक्षकलाई सहजता प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको *कक्षा ८ को*

*शिक्षक निर्देशिका*को ड्राफ्टलाई पाठ्यक्रम विकास केन्द्रको बेभसाइडमा राखिएको छ, जसमा प्रत्येक पाठ तथा पाठ्यवस्तुको शिक्षणका लागि अलग-अलग रूपमा उद्देश्य, सामग्री, विधि, मूल्याङ्कन आदिको प्रयोगको निर्देश दिइएको छ । यसले शिक्षक निर्देशिकाको संरचना निर्माण गर्न सहयोग पुगेको छ ।

ढुङ्गेल र दाहाल (२०७३)ले *नेपाली भाषापाठ्यपुस्तक तथा शिक्षण पद्धति* पुस्तकमा शिक्षक निर्देशिकाको परिचय, आवश्यकता, शिक्षणमा निर्देशिकाको प्रयोगले पुग्ने फाइदाका बारेमा चर्चा गरेका छन् ।शिक्षक निर्देशिका कस्तो हुनुपर्छ भन्ने पक्षलाई पनि यहाँ उल्लेख गरिएको छ, जसले नमुना शिक्षक निर्देशिका लेखनमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०७३/७४)द्वारा *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री*नामक पुस्तकको एकाइ दुईमा शिक्षक निर्देशिकाको परिचय, महत्त्व, आवश्यकता, शिक्षक निर्देशिकाका अङ्गको चर्चा गरिएको छ । यसले अध्ययनकर्तालाई शिक्षक निर्देशिकाको सैद्धान्तिक पक्षको ज्ञान हासिल गर्न सहयोग गरेको छ ।

शर्मा र शर्मा (२०७२/७३)द्वारा *अध्यापन अनुमतिपत्र परीक्षा सारथी*नामक पुस्तकमा शिक्षक निर्देशिकासम्बन्धी विभिन्न सैद्धान्तिक पक्ष र व्यावहारिक पक्षलाई प्रश्नोत्तरका माध्यमबाट प्रस्तुत गरिएको छ । यसको अध्ययनबाट शोधार्थीलाई निर्देशिकासम्बन्धी सैद्धान्तिक ज्ञान र यसको प्रयोगमा देखापरेका समस्याहरूको खोजी गर्न मद्दत पुगेको छ ।

भण्डारी (२०७४)द्वारा*प्राज्ञिक लेखन तथा सम्पादन* शीर्षकको ग्रन्थमा लेखन कला र भाषा सम्पादनबारे विस्तृत समीक्षा गरिएको छ । त्यस्तै अनुसन्धानमूलक लेख, लेखन, प्रतिवेदन लेखन, शोधसार लेखन, अनुसन्धान प्रस्ताव लेखन, भाषा संशोधन, भाषा सम्पादन आदि विभिन्न कुराको विस्तृत रूपमा उल्लेख गरिएकाले यो ग्रन्थ प्राज्ञिक लेखनका दृष्टिले अति नै उपयोगी देखिन्छ । त्यसैले उक्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यस पुस्तकको माध्यमबाट पूर्वकार्यको समीक्षा लेखन गर्न, शोधसार लेखन र भाषा संशोधन गर्न सहयोग पुग्ने भएकाले सैद्धान्तिक आधार निर्माणका साथै लेखन तथा सम्पादनमा विशेष उपयोगी देखिन्छ ।

## २.३ शोधपत्रको समीक्षा

भुसाल (२०५९) द्वारा *अर्घाखाँची जिल्लामा मा.वि.तह नेपाली शिक्षणमा शिक्षण सामग्री प्रयोगको वर्तमान स्थिति*शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा शिक्षण

सामग्रीहरूको चर्चा गर्नु, पाठ्यपुस्तक समाविष्ट चित्रहरूको सामान्य चर्चा गर्नु, माध्यमिक तहको शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीहरूको चर्चा गर्नु, आदि जस्ता उद्देश्यहरू रहेका छन् । सर्वेक्षण विधिमा आधारित उक्त शोधमा प्रशासनिक कमजोरी, सम्बन्धित निकायको बेवास्ता, विषय शिक्षकको गहन अध्ययन जस्ता पक्षमा सुधार ल्याउनुपर्ने कुरा उल्लेख गरिएको छ । उक्त निर्देशिकालाई समय सान्दर्भिक बनाइनुपर्ने, सम्बन्धित निकायलाई तालिम तथा समय समयमा सचेतना दिलाउनुपर्ने सुझाव समेत उल्लेख गरेको छ । यसले शिक्षक निर्देशिकालाई शैक्षिक सामग्रीका रूपमा कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने जानकारी प्रदान गरेको छ ।

गौतम (२०६४) ले *प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन* शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रमा गौतमले प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकालाई पाठ्यपुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलनागरी शिक्षक निर्देशिकाको प्रयोगको स्थितीलाई प्रस्तुत गरिएको छ । सर्वेक्षण विधिद्वारा तयार पारिएको यो शोधमा प्रभावकारी शिक्षणको लागि निर्देशिका अपरिहार्य भएतापनि तालिमको व्यवस्था नहुनु, समय अनुकूल निर्देशिका परिमार्जन नहुनुले समस्या उत्पन्न हुने कुरा उल्लेख गर्नुका साथै भौगोलिक विकटता र आर्थिक अभावले गर्दा समयमा निर्देशिका विद्यालयमा पुग्न नसक्नु आदि समस्या उल्लेख गरिएको छ । सम्बन्धित निकायले यी समस्याहरूलाई ध्यान दिएर विद्यालयमा समयमा नै निर्देशिका पुऱ्याउनुपर्ने सुझाव दिइएको छ । यसले प्रस्तुत शोधपत्रमा निर्देशिकासम्बन्धी सैद्धान्तिकअवधारणा तयार गर्न सहयोग गरेको छ ।

नेपाल (२०६६) द्वारा *उच्चमाध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधपत्र निम्न उद्देश्यमा केन्द्रित भई सम्पन्न गरेको पाइन्छ : पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध पहिचान गर्नु, उच्च मा.वि. तहमा नेपाली शिक्षण शिक्षक निर्देशिकाको मान्यता तथा उपयोगिता पहिल्याउनु, पाठ्यक्रम, पाठ्यपुस्तकअनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु आदि । उक्त शोधपत्रमा नेपालले सर्वेक्षण विधिद्वारा आफ्नो शोधकार्य सम्पन्न गरेका छन् भने उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको शिक्षक निर्देशिकाको प्रभावकारितालाई आफ्नो अध्ययनलाई सीमाङ्कन गरिएको पाइन्छ । यसमा मोरङ र काठमाडौं जिल्लाका केही उच्च मा.वि.हरू नमुनाका रूपमा छनोट गरिएको छ । विशेषत :

प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा उच्च माध्यमिक तहको निर्देशिका प्रकाशनमा ढिलाई र शिक्षकहरूको अनभिज्ञताले निर्देशिकाको प्रयोगमा कठिनाइ औँल्याइएको पाइन्छ । साथै उच्च माध्यमिक तहको निर्देशिका समयमा नै उपलब्ध गराउनु पर्ने तथा शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था गराउनुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ । यो शोधपत्रले शिक्षक निर्देशिकाका सम्बन्धमा नव सूचना प्राप्त भएको छ ।

खाती (२०६६/६७) द्वारा *कक्षा आठको कथा विधाका लागि शिक्षक निर्देशिकाको निर्माण*शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोधपत्रमा मूलत : पुस्तकालयीय अध्ययन विधिलाई मुख्य स्रोतका रूपमा लिइएको छ । शोधपत्रमा प्राथमिक स्रोतका रूपमा नेपाली भाषा प्रशिक्षक तथा विषय विशेषज्ञसँगको परामर्श, अन्तर्वार्ता र द्वितीय स्रोतका रूपमा शिक्षक निर्देशिकाहरू, शोधपत्रहरू, पाठ्यक्रम र निर्देशिकासँग सम्बन्धित पुस्तकहरूबाट सामग्री सङ्कलन गरिएको छ । चार वटा अध्यायमा विभाजन गरिएको यो शोधपत्रको अध्याय तिनमा शिक्षक निर्देशिका निर्माणअन्तर्गतनिजी क्षेत्रमा पठनपाठन हुने कक्षा ८ को 'सरल नेपाली शृङ्खला' मा भएका ५ वटा कथाका लागि निर्देशिकाको निर्माण गरिएको छ । यस शोधपत्रले नमुना शिक्षक निर्देशिका निर्माणका लागि मार्गदर्शन प्रदान गरेको छ ।

पुलामी (२०६८) द्वारा *उच्च माध्यमिक तह ११ को शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धीअध्ययन* शीर्षकमा शोध तयार पारिएको छ । उक्त शोधपत्रमा विशेषत : क्षेत्रीय विधिको प्रयोग गरिएको छ भने पुस्तकालयीय विधिको पनि प्रयोग गरेर निष्कर्ष निकालिएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्धको पहिचान गर्ने, उ.मा.वि.मा निर्देशिका प्रयोगको अवस्था पहिल्याउने, पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताका आधारमा शिक्षक निर्देशिकाको व्याख्या गर्ने जस्ता मुख्य उद्देश्य राखेर अध्ययन गरिएको छ । अध्ययनको क्रममा सप्तरी र काठमाडौँका ५/५ वटा उच्च माध्यमिक विद्यालयहरू र प्रत्येक विद्यालयका १/१ जना नेपाली शिक्षकहरूलाई नमुना शिक्षकको रूपमा लिइएको छ । प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । यसैगरी शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न सहयोग गरेको, तुलनात्मक रूपमा सप्तरी जिल्लामा भन्दा काठमाडौँ जिल्लामा निर्देशिका बढी प्रयोग भएको र तालिम प्राप्त अनुभवी शिक्षकहरूको बेवास्ता नै निर्देशिका प्रयोग नहुनुका प्रमुख कारणहरू हुन् भन्ने

निष्कर्ष निकालिएको छ । यसले शिक्षक निर्देशिकाको सैद्धान्तिक पक्षको ज्ञान हुनुका साथै निर्देशिका सम्बन्धी नयाँ विषयमा अनुसन्धान गर्न सहयोग गरेको छ ।

पौड्याल (२०७०) द्वारा *कक्षा आठको जीवनी विधाका लागि शिक्षक निर्देशिका निर्माण*शीर्षकमा शोधपत्र तयार गरिएको छ । जसमा पुस्तकालयीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । चार अध्यायमा विभाजनगरी शोध तयार पारिएको छ । शिक्षक निर्देशिकाको सैद्धान्तिक परिचयअन्तर्गत निर्देशिकाको आवश्यकता र महत्त्व, शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता र शिक्षक निर्देशिकाको वर्तमान अवस्थाको चर्चा गरिएको छ । यस शोधपत्रको अध्याय तिनमा शिक्षक निर्देशिकाको निर्माणअन्तर्गत निजी क्षेत्रमा पठनपाठन हुने कक्षा ८ को 'सरल नेपाली शृङ्खला' मा भएका तिनवटा जीवनी विधाको लागि शिक्षक निर्देशिका तयार पारिएको छ । यस शोधपत्रले शिक्षक निर्देशिकाको संरचना तयार पार्नका लागि सहयोग पुगेको छ ।

दाहाल (२०७१) ले *माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन* गर्नुभएको छ । पाँचवटा अध्यायमा विभाजन गरिएको शोधपत्रमा तिनवटा उद्देश्यहरू राखिएका छन् । सर्वेक्षण विधिका आधारमा शोधकार्य सम्पन्न गरिएको छ । अध्ययनका क्रममा तेह्रथुम जिल्लाका ८ वटा सामुदायिक विद्यालय तथा ८ वटा संस्थागत विद्यालयका १६ जना शिक्षकहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । उक्त शिक्षकहरूसँग १२ वटा ठिक बेठिक र ७ वटा अति छोटो उत्तर आउने प्रश्नहरू प्रश्नावलीमा समावेशगरी आवश्यक तथ्य सङ्कलन गरिएको छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकमा समावेश गरिएका विधा निर्देशिकामा पनि समावेशगरी उक्त विधाहरूको प्रयोजन समेत दिइएकाले विविध विधा शिक्षणमा शिक्षकलाई सहयोग पुग्ने, पाठको बिच बिचमा र पाठको अन्त्यमा गरिने मूल्याङ्कन कार्यलाई सहयोग पुऱ्याउने र शिक्षकलाई शिक्षणका योजनाहरू बनाउन मद्दत गर्ने आदि निष्कर्ष निकालिएको छ । निर्देशिका प्रयोगको अवस्थालाई अध्ययन गरेर निर्देशिकाको उपयोगितालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको यस शोधपत्रले निर्देशिकासम्बन्धी सैद्धान्तिक पक्षको ज्ञान भएको छ ।

बस्याल (२०७३) ले *कक्षा चारमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । पाँच अध्यायमा विभाजन गरेको शोधपत्रमा कक्षा चारको नेपाली पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध केलाउनु, कक्षा चारमा शिक्षक निर्देशिकाको प्रयोग स्थिति पहिल्याउनु र शिक्षक निर्देशिकाले शिक्षण सिकाइमा

पारेको प्रभाव पहिचान गर्नु भन्ने तिनवटा उद्देश्यलाई प्रस्तुत गरिएको छ । यो मुख्यत : सर्वेक्षण विधिमा केन्द्रित रहेको छ । पाल्पा जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत प्राथमिक विद्यालयका कक्षा चारमा नेपाली पाठ्यपुस्तकको शिक्षण गर्ने जम्मा १० जना शिक्षकहरूलाई छनोट गरिएकोछ । आवश्यकताअनुसार पुस्तकालयीय विधिको समेत प्रयोग गरी शोधपत्र तयार पारिएको छ । निर्देशिका अध्ययनले शिक्षकलाई पाठयोजना, एकाइ योजना निर्माण गर्न सहयोग गरेको, भाषिक सिपहरूको विकास र पाठ्यक्रमको उद्देश्य पूरा गर्न सहयोगी भएको उल्लेख गरिएकोछ । निर्देशिका समयमै उपलब्ध हुन नसक्नु र यसको प्रयोग सम्बन्धमा शिक्षकलाई तालिम नदिइनु निर्देशिका प्रयोग नहुनुका प्रमुख कारणहरू हुन् भनी निष्कर्ष निकालिएको छ । यसबाट शोधार्थीलाई निर्देशिकाको प्रयोग स्थिति, शिक्षणमा त्यसले पारेको प्रभाव र पाठ्यपुस्तक र निर्देशिका बिचको सम्बन्ध केलाउन आधार प्रदान गरेको छ ।

प्रसाई (२०७३) ले *माध्यमिक तह कक्षा दसमा नेपाली शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगकोवर्तमान अवस्था* शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । सात अध्यायमा विभाजन गरिएको शोधपत्रमा नेपाली शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान अवस्था पत्ता लगाउनु, नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगसम्बन्धी समस्याहरू खोजी गर्नु र शिक्षक निर्देशिका प्रयोगमा देखिएका समस्याका कारणहरूको पहिचानगरी समाधानका उपायहरू सुझाउनुगरी तिनवटा उद्देश्य राखिएको छ । झापा जिल्लालाई अध्ययन क्षेत्र बनाएर गरिएको यस अध्ययनमा जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । क्षेत्रीय अध्ययन विधि र आवश्यकतानुसार पुस्तकालयीय अध्ययन पद्धतिको समेत प्रयोग गरी यो शोधपत्रलाई तयार पारिएको छ । प्राथमिक र द्वितीय दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । निर्देशिकाको प्राप्यतामा समस्या भएको र आंशिक रूपमा प्रयोग भइरहेको, निर्देशिका सम्बन्धमा शिक्षकको फरक-फरक धारणा भएको, समयमा निर्देशिका निर्माण र वितरण नहुनुले प्रयोगकर्ताको हातमा पुग्न नसकेको, प्रबोधिकरण र अनुगमन नभएको, शिक्षकमा पेशागत बफादारिताको आवश्यकता र समयमै निर्देशिका निर्माण र वितरण गरी समयमै विद्यालयसम्म पुग्ने व्यवस्था गर्नु आवश्यक छ, भन्ने कुरा निष्कर्षमा उल्लेख गरिएको छ । तसर्थ यस अध्ययनले शोधार्थीलाई निर्देशिका प्रति शिक्षकको धारणा थाहा पाउन, निर्देशिका सम्बन्धमा देखापरेका समस्याहरूको पहिचान गर्न सहयोग पुग्ने देखिन्छ ।

# अध्याय -तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धानका क्रममा अनुसन्धेय विषयलाई निश्चित तरिका अपनाएर अनुसन्धान गर्नुपर्छ । अनुसन्धान विधि भन्नाले अनुसन्धान कार्य गर्दा अपनाइने तौरतरिका वा पद्धति हो । निश्चित विधिले अनुसन्धानलाई उद्देश्यपूर्ण बनाउँछ । प्रस्तुत 'कक्षा ८ का लागि शिक्षक निर्देशिका लेखन' मा शोधपत्र तयार गर्दा सैद्धान्तिक विधि अन्तर्गत पुस्तकालयीय अध्ययन र क्षेत्रीय विधिको प्रयोग गरिएको छ । अध्ययन विधिमा जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको विश्लेषण आदिगर्नुपर्दछ । सोहीअनुरूप प्रस्तुत शोधपत्रमा निम्नानुसारको क्षेत्र छनोट गरिएको छ -

**३.१.१ जनसङ्ख्या :**अनुसन्धानसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू जनसङ्ख्या हुन् । प्रस्तुत शोधपत्रको जनसङ्ख्याका रूपमा पाँचथर जिल्लाका आधारभूत तहमा अध्यापनरत शिक्षकहरू र विशेषज्ञहरू रहेका छन् ।

**३.१.२ नमुना छनोट विधिको निर्धारण :** अनुसन्धानको दायरालाई विशिष्ट बनाउनका लागि निश्चित नमुना छनोट गर्नुपर्छ । प्रस्तावित शोधपत्रलाई पूर्णता दिन नमुना छनोट गर्दा सामान्य सम्भावनायुक्त नमुना छनोट विधिअन्तर्गत सरल यादृच्छिक नमुना छनोट गरिएको छ ।

**३.१.३ नमुना छनोट :**सरल यादृच्छिक नमुना छनोटअन्तर्गत पाँचथर जिल्लाका ५ वटा सामुदायिक विद्यालयका आधारभूत तहमा अध्यापनरत १० जना शिक्षकलाई नमुनाका रूपमा लिइएको छ । त्यसैगरी २ जना विशेषज्ञहरूलाई पनि नमुनाका रूपमा लिइएको छ ।

**३.२तथ्याङ्क सङ्कलन :**अनुसन्धानलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाउनका लागि नमुनाका रूपमा छनोट गरिएका व्यक्तिहरूबाट तथ्याङ्क सङ्कलन गर्नुपर्छ । तथ्याङ्क सङ्कलन विभिन्न स्रोतबाट गर्न सकिन्छ । तथ्याङ्क सङ्कलन गर्दा सङ्कलित तथ्याङ्क

वस्तुनिष्ठ छ/छैन, यथार्थ छ/छैन भन्ने विषयको ख्यालगर्नुपर्दछ । प्रस्तुत शोधपत्रमा निम्न स्रोत र उपकरणहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ -

**३.२.१ प्राथमिक स्रोत :**प्रस्तुत शोधपत्रमा नमुनाका रूपमा छनोट गरिएका व्यक्तिहरूबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

**३.२.२ द्वितीय स्रोत :**प्रस्तुत शोधपत्र तयार गर्दा विभिन्न पाठ्यपुस्तक, शोधपत्र, सन्दर्भ पुस्तक र निर्देशिकाबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

**३.३ तथ्याङ्क सङ्कलनका उपकरणहरू :**तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिने औजारहरूलाई नै उपकरण भनिन्छ । शोधपत्रलाई वैज्ञानिक, वस्तुनिष्ठ बनाउनका लागि निश्चित औजारको प्रयोग गरी तथ्याङ्कको सङ्कलन गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा निम्न उपकरणको प्रयोग गरिएको छ -

**३.३.१ अन्तर्वार्ता :**नमुना छनोटमा परेका शिक्षक, विशेषज्ञहरूसँग शिक्षक निर्देशिकाको प्रयोग, समस्या आदिमा अन्तर्वार्ता लिइएको छ ।

**३.३.२ प्रश्नावली :**नमुना छनोटमा परेका शिक्षकहरूलाई शिक्षक निर्देशिकाको प्रयोग सम्बन्धी विभिन्न प्रश्न सोधिएको छ ।

**३.३.३ मतावली :**नमुना छनोटमा परेका व्यक्तिहरुलाई शिक्षक निर्देशिकाको प्रयोगले शिक्षणमा पार्ने प्रभाव, प्रयोगका क्रममा आइपरेका समस्याहरूका बारेमा धारणा प्रस्तुत गर्न लगाइएको छ ।

**३.४तथ्याङ्क विश्लेषण :**कक्षा ८ का लागि शिक्षक निर्देशिका लेखनका साथै शिक्षक निर्देशिका प्रयोगसम्बन्धी शिक्षकको धारणा, समस्या र समाधानका उपायहरूलाई छुट्टाछुट्टै अध्यायमा प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# शिक्षक निर्देशिकासम्बन्धी शिक्षक र विशेषज्ञको धारणा

## ४.१ शिक्षक निर्देशिकासम्बन्धी शिक्षकको धारणा

शिक्षक निर्देशिका शिक्षणका क्रममा शिक्षकका लागि आवश्यक शैक्षिक सामग्री हो, तर विविध कारणले निर्देशिकाको प्रयोग सबै शिक्षकहरूले गरेको पाइदैन । यो शोधपत्र तयार पार्ने क्रममा केही शिक्षकसँग निर्देशिका प्रयोगसम्बन्धी अन्तवार्ता लिनुका साथै प्रश्नावली मार्फत उनीहरूको विचार लिइएको छ । जसमा प्राप्त प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ :

**(प्रश्न नं.१) तपाईको विद्यालयमा समयमै निर्देशिका प्राप्त भएको छ ? छैन भने के कारणले छैन ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया**

**तालिका नं.१**

| छ | छैन |
|---|---|
| ८० % | २० % |

विद्यालयमा निर्देशिका समयमा नै प्राप्त भएको भनी ८० % शिक्षकले भनेको पाइयो भने २० % ले प्राप्त नभएको र त्यसको कारणमा भौगोलिक विकटताका साथै सदरमुकाममा निर्देशिका आफू गएको समयमा नपाउनाले र निर्देशिका इन्टरनेटमा हेर्नुपर्ने जसमा आफ्नो र विद्यालयको पहुँच नभएको भन्ने पाइयो ।

**(प्रश्न नं.२) दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भने किन छैन ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया**

**तालिका नं.२**

| छ | छैन |
|---|---|
| ७० % | ३० % |

निर्देशिका समयमा नै प्राप्त भए सो को प्रयोगगरी शिक्षण गर्न सम्भव छ भन्ने ७० % शिक्षकहरू पाइयो भने पाठ्यघन्टी र अनुमानित घन्टी बिच तालमेल मिलाउन समस्या

हुनुका साथै विद्यार्थी सङ्ख्या धेरै भएकाले निर्देशिकाबमोजिम शिक्षण गर्न सम्भव छैन भन्ने ३० % शिक्षकहरू पाइयो ।

**(प्रश्न नं.३) तपाईले प्रयोग गर्नुभएको निर्देशिकामा के कमजोरीहरू पाउनुभयो ? भन्ने प्रश्नमा प्रतिक्रिया**

**तालिका नं.३**

| कमजोरी पाइयो | कमजोरी पाइएन |
|---|---|
| ५० % | ५० % |

आफूले प्रयोग गर्ने निर्देशिकामा खासै कमजोरी पाइएन भन्ने ५० % शिक्षकहरू पाइयो भने उदाहरणमा अस्पष्टता र छपाइसम्बन्धी त्रुटि जस्ता कमजोरी पाइयो भन्ने ५० % शिक्षकहरू पाइयो ।

## ४.२ शिक्षक निर्देशिकासम्बन्धी विशेषज्ञको धारणा

शिक्षक निर्देशिकाको सम्बन्धमा शिक्षकको साथै विशेषज्ञको धारणा लिने क्रममा पाठ्यक्रम विकास केन्द्र भक्तपुरका पाठ्यक्रम अधिकृत श्री विष्णुमाया सापकोटा र श्री चिनाकुमारी निरौलासँग शिक्षकहरूबाट आएका विभिन्न गुनासाहरूका साथै निर्देशिकासम्बन्धी विविध जानकारीहरू लिइएको छ । अर्न्तवार्ताका क्रममा सोधिएका प्रश्नहरूमा प्राप्त प्रतिक्रिया :

(१) **विद्यालयमा समयमै निर्देशिका प्राप्त नहुनुमा कुन निकाय जिम्मेवार रहन्छ** ?

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास गर्ने कार्य गर्ने हो । वितरणको जिम्मेवारी यो निकायलाई नभएको र यो जिम्मेवारी जनक शिक्षा लिमिटेडको हो । साथै निर्देशिका पाठ्यक्रम विकास केन्द्रको वेभसाइडमा राखिएको हुन्छ शिक्षकले त्यसबाट पनि हेर्नुपर्दछ ।

(२) **नेपालका सबै विद्यालयमा विद्युत त छैन भने शिक्षकले वेभसाइडमा निर्देशिका हेर्न सम्भव होला** ?

हामीलाई प्राप्त रिपोर्टअनुसार सबै विद्यालयमा इन्टरनेट पहुँच छ भन्ने हो, र सोहीअनुरूप पेपर लेस कन्सेप्ट अनुसार हामी अघि बढेका छौ । अबका दिनहरूमा निर्देशिका छपाइ भएर नआउने र वेभसाइडबाट नै हेरेर शिक्षण गर्नुपर्ने हुन्छ ।

(३) **त्यसो भए जहाँ इन्टरनेटको पहुँच छैन त्यहाँका शिक्षकले निर्देशिका प्रयोगको अवसर प्राप्त गर्न असमर्थ भए नि** ?

हालसम्म त्यस्तो कुनै गुनासो नआएको र सरोकारावालाहरूले गुनासो नगरुन्जेल निर्देशिकामा सबैको पहुँच रहेछ भन्ने बुझिन्छ ।

(४) **निर्देशिकाको छपाइमा त्रुटि, उदाहरणमा अस्पष्टता र अनुमानित घन्टी धेरै भएको भन्ने शिक्षकको गुनासो छ नि** ?

सामान्य त्रुटिहरू हुन्छन् तिनीहरूलाई बिस्तारै कम गर्दै लैजाने हो, हालसम्म निर्देशिकामा यस्तो भएन भन्ने गुनासो आएको छैन र त्यहाँ राखिएको घन्टी अनुमानित मात्र भएकाले त्यसमा शिक्षक स्वयम्ले हेरफेर गर्नपनि सक्नेछन् ।

(५) **आफूले बनाएको निर्देशिका के कस्तो प्रयोग भइरहेको छ भन्ने चासो गर्नुहुन्न** ?

गरिन्छ, यस सम्बन्धमा विभिन्न कार्यक्रमहरू पनि हुन्छन् ।

(६) **वास्तविकता एउटा छ तपाईहरूसँग भएको तथ्याङ्कले अर्कै बताउँछ यसले तपाईहरूले तयार पारेको निर्देशिकाको कस्तो प्रभावकारितालाई झल्काउँछ** ?

हामीले डाटामा आधारित भएर काम गर्नुपर्छ, डाटालाई हेर्दा सबै विद्यालयमा इन्टरनेट पहुँच छ र सबैले निर्देशिका सहज रूपमा प्राप्त गरेका छन् जसले गर्दा निर्देशिका प्रभावकारी छ भन्नुपर्छ ।

निर्देशिका प्रयोगका सम्बन्धमा शिक्षक र विशेषज्ञको धारणालाई हेर्दा निर्देशिका विकासको कार्य राम्रो ढङ्गले भएतापनि प्रयोगको अवस्था भने फितलो देखिन्छ । यस सम्बन्धमा सम्बन्धित निकायले समयमै ध्यान दिएको खण्डमा शिक्षणको क्रममा निर्देशिकाको प्रयोग बढी प्रभावकारी शिक्षण हुनसक्छ ।

# अध्याय - पाँच

# शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्या र समाधानका उपायहरू

## ५.१ शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू

शिक्षक निर्देशिका शिक्षणका क्रममा शिक्षकको साथी हो । यसले शिक्षण सिकाइलाई सहज ढङ्गले सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । पाठ्यक्रमले राखेका लक्ष्यहरू पूरा गर्नका लागि सहयोगी शैक्षिक सामग्रीको प्रयोगमा पनि विभिन्न समस्याहरू देखा पर्दछन् ( शिक्षकसँग लिइएको अर्न्तवार्ता, मतावली र प्रश्नावलीमा आधारित) । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- निर्देशिका समयमा नै विद्यालयमा प्राप्त नहुनु,
- निर्देशिकामा पर्याप्त शिक्षण विधिको प्रयोग नहुनु,
- निर्देशिकामा पर्याप्त उदाहरणहरू समावेश नहुनु,
- अनुमानित घन्टी धेरै हुनु,
- अघिल्लो र पछिल्लो पाठको समन्वय नपाइनु,
- तालिम, गोष्ठीहरूमा पनि निर्देशिका प्रयोगसम्बन्धी विषय नउठ्नु,
- निर्देशिका उपयुक्त परिमार्जन नहुनु,
- निर्देशिका इन्टरनेटको माध्यमले हेर्नुपर्ने बाध्यता पर्नु तर विद्यालयमा इन्टरनेटको पहुँच नहुनु,
- प्रत्येक विद्यालयमा इन्टरनेट छ वा छैन भन्ने वस्तुगत अध्ययन नगरी निर्देशिका छपाइको कार्य बन्द हुनु,

## ५.२ शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याको समाधानका उपायहरू

शिक्षक निर्देशिका शिक्षकलाई शिक्षणका क्रममा आवश्यक शैक्षिक सामग्री हो । यसको प्रयोगमा विभिन्न समस्याहरू देखिएका छन् । ती समस्याहरूका समाधानका उपायहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- निर्देशिकाको विकास, वितरण र प्रभावकारिता हेर्ने जिम्मेवारी एउटै निकायलाई दिनुपर्दछ ।
- निर्देशिका शिक्षकको निर्देशक हो त्यसैले यसमा विविध शिक्षण विधिका साथै थुप्रै उदाहरणहरू समावेश गर्न निर्देशिका निर्माताहरू जिम्मेवारीका साथ लाग्नुपर्छ ।
- पाठ र विधाअनुसार उपर्युक्त र विभिन्न विधिको प्रयोग गरी शिक्षण गर्न प्रेरित गराउने खालका निर्देशिका निर्माण हुनुपर्छ ।
- निर्देशिकामा अघिल्लो र पछिल्लो पाठहरूमा समन्वय मिलाउनुपर्छ ।
- निर्देशिकाको महत्त्व बुझाउने काम तालिम तथा गोष्ठीहरूमा गरिनुपर्ने र निर्देशिकाका सम्बन्धमा शिक्षक आफूपनि सचेत हुनुपर्छ ।
- निर्देशिकामा दिइएको घन्टी अनुमानित मात्र भएकाले शिक्षकले आफ्नो सहजताका साथ विद्यालयको पाठ्यघन्टीअनुरूप मिलाउनुपर्छ ।
- पाठ्यक्रम विकास केन्द्रले पनि प्रत्येक विद्यालयमा प्रविधिको पहुँचका लागि आवश्यक पहल र वास्तविक तथ्य लिनुपर्ने, डाटामा मात्र आधारित हुँदा निर्देशिका प्रयोगको अवस्था न्यून भएर जाने भएकालेयसको लागि आवश्यक कदम चाल्नुपर्दछ ।
- शिक्षकले पनि पाठ्यक्रम विकास केन्द्रमा आफूलाई परेका समस्याहरू, गुनासाहरू उचित तवरले राख्नुपर्दछ ।

शिक्षक निर्देशिकामा देखिएका समस्याहरू समाधानका लागि शिक्षक र पाठ्यक्रम विकास केन्द्र दुवै सचेत हुनुपर्छ । हालसम्म पाठ्यक्रम विकास केन्द्रमा शिक्षक निर्देशिकासम्बन्धी कुनै गुनासा र समस्याहरू शिक्षकले नगरेको स्थितीलाई हेर्दा निर्देशिका प्रयोगमा शिक्षकहरू खासै सक्रिय भएको पाइएन भने पाठ्यक्रम विकास केन्द्रले पनि आफ्नो कार्य निर्देशिका विकासमात्र हो भन्ने सीमित घेरा नराखेर आफूले विकास गरेको निर्देशिका सम्बन्धित व्यक्तिले कतिको प्रयोग गरेका छन् भन्ने कुरा ख्याल गर्नुपर्ने जरुरी हुन्छ । त्यसैगरी सबै विद्यालयमा प्रविधिको पहुँच नपुऱ्याइ निर्देशिका छपाइको कार्य बन्द गरिनु त्यति उपयुक्त नभएकाले प्रत्येक विद्यालयलाई प्रविधिमैत्री बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ, भने विद्यालय निरीक्षक, श्रोत व्यक्तिले पनि विद्यालयमा निर्देशिका प्रयोग भएको छ वा छैन र के कस्ता समस्या रहेछन् भन्ने कुराको खोजी गरी जि.शि.का.मा वा सोझै पाठ्यक्रम विकास

केन्द्रमा जानकारी गराउनुपर्छ । यसरी सबैले आ-आफ्नो जिम्मेवारी उचित तरिकाले पूरा गरेको खण्डमा प्रभावकारी शिक्षणको प्रभावकारी नतिजा हासिल हुनसक्छ ।

# अध्याय - छ

# कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन

## ६.१ शिक्षक निर्देशिका लेखन

शिक्षक निर्देशिका लेखन एक प्राविधिक कार्य हो । शिक्षण सिकाइका क्रममा यो अत्यन्तै आवश्यक शैक्षिक सामग्री हो । यहाँ कक्षा आठको नेपाली विषयका ११ वटा फरक-फरक विधाका पाठका लागि निर्देशिका लेखन कार्य गरिएको छ । निर्देशिका लेखनका क्रममा कक्षा आठको नेपाली विषयका पाठहरूलाई क्रमश : १, २, ३ गरी ११ सम्म राखिएको छ, यो लेखनको सहजताका लागि राखिएको हो ।

**पाठ : १ नेपाल अनुमानित घन्टी : ८**

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.लयबोध र शुद्धोच्चारण | १ |
| २.शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३.भावबोध | २ |
| ४.व्याख्या/भाव लेखन | १ |
| ५.कार्यमूलक व्याकरण | २ |
| ६.कविता लेखन | १ |
| | |

**पाठ्यस्तु : लयबोध र शुद्धोच्चारण घन्टी : १**

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) गति, यति र लय मिलाई 'नेपाल' कविता सस्वरवाचन गर्न,

(ख) 'नेपाल' कविताका कठिन शब्द शुद्धसँग उच्चारण गर्न,

**२.शिक्षण साामग्री**

शब्दपत्ती, वाक्यपत्ती, कविताको क्यासेट वा सिडी, फलाटिन पाटी

**३. शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबै विद्यार्थीहरूलाई पालै-पालो कविता वाचन गर्न लगाउनुहोस् । सबैभन्दा लयबद्ध तरिकाले कुन विद्यार्थीले वाचन गर्‍यो सो कुराको ख्याल गर्नुहोस् । यदि विद्यार्थीले उपयुक्त लय हालेर कविता वाचन गर्न जानेनन् भने शिक्षकले आदर्शवाचन गरेर सुनाउनुहोस् वा उपलब्धभएसम्म सिडी क्यासेटबाट 'नेपाल' कविताको उपयुक्त लय सुनाउनुहोस् ।

(ख) कविता वाचन पटक-पटक गराउनुहोस् र वाचन गर्ने क्रममा विद्यार्थीले कुन-कुन शब्द उच्चारणमा कठिनाइ महसुस गरे ती शब्दहरूलाई ख्यालगरी शैक्षणिक पाटीमा टिप्नुहोस् । आफूले टिपेका बाहेक अन्य कुनै शब्दपनि विद्यार्थीलाई कठिन लागेका छन् कि भनी खोजी गर्नुहोस् र टिपोट गर्नुहोस् ।

(ग) यसरी टिपोट गरिएका शब्दहरूलाई पटक-पटक उच्चारण गर्ने अभ्यास गराउनुहोस् । शिक्षक स्वयम्ले सम्भावित उच्चारण कठिनाई भएका शब्दहरू टिपोटगरी ल्याएको शब्दपत्तीलाई फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । 'नेपाल' कवितामा सौन्दर्य, वर्ण, गुह्यमन्त्र, वृक्ष, रक्त, विपत्ति, लयबद्ध, तन्त्र, इज्जत जस्ता शब्दहरूको उच्चारणमा कठिनाई आउनसक्छ । यी शब्दहरू पटक-पटक उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(घ) कठिन शब्दको उच्चारण गराइसकेपछि पुन : कवितालाई लयबद्ध वाचन गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) प्रत्येक विद्यार्थीलाई कविताको अंश तोकेर शुद्धसँग लयबद्ध वाचन गराउनुहोस् ।

(ख) शैक्षणिक पाटीमा कठिन शब्दहरू लेख्नुहोस् र व्यक्तिगत तथा सामूहिक रूपमा उच्चारण गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'नेपाल' कविता आदर्श लयमा शुद्धसँग वाचन गर्न सक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'नेपाल' कवितामा प्रयुक्त कठिन शब्दको अर्थ बताउन,

(ख) 'नेपाल' कविताका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई मौनवाचन गर्न लगाई कठिन लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका शब्दहरूलाई शैक्षणिक पाटीमा टिप्नुहोस् र विद्यार्थीहरूबाट नै अर्थ खोज्ने प्रयास गर्नुहोस् । विद्यार्थीहरूबाट अर्थ नआएमा शिक्षकले नै बताइदिनुहोस् ।

(ग) शिक्षक आफूले टिपेर ल्याएका कठिन शब्दहरूलाई गोजीतालिकाको सहयोगले विद्यार्थीलाई देखाउनुहोस् र ती शब्दहरूको अर्थ विद्यार्थीहरूलाई सोध्नुहोस् । प्रश्न सोध्दा अगाडि बसेको विद्यार्थीलाई मात्र नसोध्नुहोस् । विद्यार्थीहरूबाट आएको शब्दको अर्थ सही हो वा होइन भन्नका लागि अर्थपत्ती देखाउनुहोस् र विद्यार्थी स्वयम्लाई हेर्न लगाउनुहोस् ।

(घ) शब्दको प्रकृति हेरी अर्थ सिकाउन सक्नुहुनेछ, जस्तै : अनुकरणात्मक शब्दको अर्थ बताउनु पर्ने भए नक्कल गरेर, अन्य शब्द भए परिभाषा दिएर वा सोझै अर्थ बताएर, तपाईको सहजताअनुसार अर्थ सिकाउने तरिका उपयोग गर्नुहोस् । अर्थ बताउँदा ती शब्दको विपरीतार्थक, पर्यायवाची र श्रुतिसमभिन्नार्थ शब्दको समेत अभ्यास गराउनुहोस् ।

(ङ) अर्थ जानिसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गर्न लगाउँदा अघि अर्थ सिकाएका ५ वटा शब्द लगाउनुभयो भने २ वटा नयाँ शब्द ('नेपाल'कविताका) लगाउनुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गरे नगरेको अवलोकन गर्नुहोस् र आफूले वाक्यमा प्रयोग गरेको वाक्यपत्ती प्रस्तुतगरी यसरी पनि वाक्यमा प्रयोग गर्न सकिन्छ भनिदिनुहोस् । यसरी आवश्यकताअनुसार अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अघि सिकाएका शब्दको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'नेपाल' कवितामा भएका कठिन शब्दहरूको अर्थ लेखेर वाक्यमा प्रयोग गर्न सक्ने भएर आऊभन्नुहोस् ।

## पाठ्यवस्तु : भावबोध घन्टी : २

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'नेपाल' कवितामा आधारित प्रश्नहरूको उत्तर बताउन,

(ख) 'नेपाल' कविताको मुख्य भाव बताउन,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) 'नेपाल' कवितालाई मौनपठन गर्न लगाउनुहोस् र विभिन्न प्रश्नहरू सोध्नुहोस् ।

(ख) 'नेपाल' कविताको भाव पहिचानका लागि विद्यार्थीलाई एक-एक बुँदा भन्न लगाउनुहोस । कवितामा के कस्तो कुरा लेखिएको छ सोहीअनुरूप भाव पहिचान गर्न सकिन्छ भन्ने कुरा सिकाउनुहोस् । पहिले एउटा श्लोकको भाव सिकाउने अभ्यास गराउनुहोस् ।

(ग) एउटा श्लोकको भावबोध र सामान्य प्रश्नोत्तर गरिसकेपछि शिक्षकले तयार पारेका छोटा-छोटा बोध प्रश्नहरू सोध्नुहोस् । (प्रश्नहरू यस्ता बनाउन सक्नुहुनेछ)

१. नेपाल कस्तो तन्त्र हो ?

२. के को पाना खुला छ ?

३. कसको ध्वनि गुह्यमन्त्र जस्तै छ ?

४. हाम्रा बलिया सहारा को को हुन् ?

५. विपत्तिमा पनि हाँस्ने को हुन् ?

(घ) यी प्रश्नोत्तर गरिसकेपछि शिक्षकले नमुना भाव प्रस्तुत गर्नुहोस् । एक/दुई श्लोकको भाव लेखिएको सामग्री प्रस्तुत गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई समग्र कविताको भाव लेख्न लगाउनुहोस्, कापी साटासाट गरी जाँच गर्न लगाउनुहोस्, शिक्षकले पनि हेर्नुहोस र सबैभन्दा राम्रो लेख्ने विद्यार्थीलाई धन्यवाद दिनुहोस् । अरु विद्यार्थीलाई पनि सोहीअनुरूप लेख्न अभिप्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) पहिलो श्लोकको भाव भन्न लगाउनुहोस् ।

(ख) अभ्यास नं.४ का प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. ५ गरेर आउन भन्नुहोस् ।

## पाठ्यवस्तु : व्याख्या /भाव विस्तार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू'नेपाल' कविताको विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

'नेपाल' कविताको विशिष्ट पङ्क्तिको सूची, व्याख्याको नमुना, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविता मौनवाचन गर्न लगाउनुहोस् र विशिष्ट लागेका पङ्क्तिहरू टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्तिहरूलाई नदोहोऱ्याइकन शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ख) विद्यार्थीलाई व्याख्या भनेको कुनैपनि विशिष्ट पङ्क्ति, हरफ, श्लोकको भावसहित विस्तृत रूपमा गरिने व्याख्या हो भनी बझाउनुहोस्र व्याख्या गर्दा आवश्यक पर्ने निम्नलिखित पक्षका बारेमा जानकारीगराउनुहोस् :

पाठको शीर्षक

रचनाकार

दिइएको पङ्क्तिको सार

पङ्क्तिको भावको विस्तार वा व्याख्या

(ग) यी पक्षको जानकारी दिएपश्चात् शिक्षकले लगेको व्याख्याको एउटा नमुना फलाटिन पाटीको सहायताले प्रस्तुत गर्नुहोस् र सबै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

(घ) नमुना व्याख्या देखाइसकेपछि विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र विशिष्ट पङ्क्ति सूची प्रस्तुतगरी त्यसबाट प्रत्येक समूहलाई व्याख्या लेख्न लगाई अगाडि आएर प्रस्तुत गर्नलगाउनुहोस् । सबैभन्दा राम्रोगरी कुन समूहले गऱ्यो ख्याल गर्नुहोस् र अरु विद्यार्थीलाई पनि त्यस्तै गर्न प्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलको पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् :

यो देशको सिजर्नको निमित्त

पूर्खाहरूको पसिना र रक्त

**५.गृहकार्य**

अभ्यास नं.७ गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (नाम, वचन)घन्टी : २

### १.उद्देश्य

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) नामको उदाहरणसहित प्रकार बताउन,

(ख) वचन परिवर्तन गर्न,

### २.शिक्षण सामग्री

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

### ३.शिक्षण सिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई आफ्नो कक्षाकोठामा भएका विभिन्न वस्तु र साथीको नाम भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । ती टिपोट गरिएका नामहरूलाई पाँचवटा तालिका बनाई राखिदिनुहोस् ।

(ख) शिक्षकले लगेको शब्दपत्तीलाई गोजीतालिकामा राखी प्रस्तुत गर्नुहोस् । सो शब्दपत्तीमा नामका पाँच प्रकार बुझाउने १५ वटा शब्दहरू हुनु आवश्यक हुन्छ । ती सबै शब्दहरू विद्यार्थीलाई पढ्न लगाई एक शब्दभन्दा अर्को शब्दको विशेषता वा त्यसको भिन्नता सोध्नुहोस् । यसरी सोध्दा नामका ५ वटै प्रकार समेटिनेगरी सोध्नुहोस् । विद्यार्थीले जानेअनुसार भन्नेछन् नजानेको कुरा शिक्षकले सिकाइदिनुहोस् ।

(ग) गोजीतालिकामा भएका पाँच प्रकारका नामका पाँचवटा शब्दलाई आगमनात्मक विधिले विशेषता बताई नामका प्रकार छुट्याउन सिकाउनुहोस्, जस्तै : व्यक्तिको नाम बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । बथान, सभा, फौज आदि शब्दले समूहलाई बुझाउँछ त्यसैले यो समूहवाचक नाम हो भन्नुहोस् ।

(घ) पाठमा प्रयोग भएका पाँचवटै नामका प्रकारलाई प्रतिनिधित्व गर्ने नाम शब्द टिपोट गर्न लगाउनुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । नामको शिक्षण गरिसकेपछि वचनको शिक्षण गर्नुहोस् ।

(ङ) म आएँ, हामीहरू आयौँ, म विद्यार्थी हुँ, हामी विद्यार्थी हौँ, यी वाक्यहरू लेखिएको वाक्यपत्तीविद्यार्थीहरूलाई देखाउने र यी दुई वाक्यहरूमा के-कस्तो भिन्नता छ भनी छुट्याउनलगाउनुहोस् । विद्यार्थीहरूले भनिसकेपछि यी वाक्यहरू एकवचन र बहुवचनका हुन्, भनिदिनुहोस् ।

(च) विद्यार्थीहरूलाई वचन परिवर्तन हुँदाकर्ता र क्रियामा परिवर्तन हुन्छ भन्ने कुरा उदाहरणबाट प्रष्ट पारिदिनुहोस् । त्यसपश्चात् एकवचनका दशवटा र बहुवचनका दशवटा वाक्यहरू विद्यार्थीलाई लेख्न लगाउनुहोस् र शिक्षकले जाँच गरिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कविता पढी नाम शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) एकवचन र बहुवचनका पाँच/पाँचवटा वाक्य भन्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास १५ देखि १७ सम्म गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : कविता लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) कवितालाई शुद्धसँग अनुलेखन गर्न,

(ख) छोटा कविता लेखन गर्न,

**२.शिक्षण सामग्री**

गद्य तथा पद्य कविताका नमुना, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) कुनै एउटा कवितालाई फलाटिन पाटीमा टाँसिदिनुहोस् र विद्यार्थीलाई अनुलेखन गर्न लगाउनुहोस् । अनुलेखन गर्दा के कति अशुद्ध गरे सो को सहपाठी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ख) कविता लेखनका बारेमा छलफल गराउनुहोस् र कुनै विद्यार्थीले कविता लेखेको भए सुनाउन प्रेरित गर्नुहोस् । कविता लेख्नका लागि शीर्षक, शब्द दिएर वा स्वतन्त्र रूपले अभ्यास गराउनुहोस् । कविता लेखन सिर्जनात्मक पाटो हो सबै विद्यार्थीले उत्कृष्ट लेख्न सक्दैनन् भन्ने कुरा ख्याल गर्नुहोस् ।

(ग) विद्यार्थीले कविता लेख्न गरेको प्रयासलाई सकारात्मक तरिकाले पृष्ठपोषण दिनुहोस् र उत्कृष्ट कवितालाई शिक्षकले वाचन गर्नुहोस् र त्यसलाई राम्रो अक्षरमा लेखेर कक्षाकोठामा टाँसिदिनपनि सक्नुहुनेछ ।

**४.मूल्याङ्कन**

(क) निर्दिष्ट शब्द दिएर कविता लेख्न लगाउनुहोस् :

कति, सुन्दर, हाम्रो, यसैगरी, झरना, राम्रो, स्वाभिमान, सधैं, बचाइराख्छु, खोला, सधैंभरी

**५. गृहकार्य**

अभ्यास नं.१८, १९ गर्न लगाउनुहोस् ।

## पाठ-२ भाग्य अनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन तथा शुद्धोच्चारण | १ |
| २.शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३.मौनपठन र पठनबोध | १ |
| ४.व्याख्या तथा भाव विस्तार | १ |
| ५.वर्णविन्यास | १ |
| ६.कार्यमूलक व्याकरण | १ |
| ७.कथा लेखन | १ |

## पाठ्यवस्तु : सस्वरवाचन तथा शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'भाग्य' कथालाई गति, यति मिलाई सस्वरवाचन गर्न,

(ख) 'भाग्य' कथामा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले शिक्षणप्रति विद्यार्थीलाई उत्प्रेरणा जगाउन कथाकारको परिचय दिई कक्षा प्रारम्भ गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई कथाका केही अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् र कथा पढ्दा विद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोटगरी उच्चारणको अभ्यास गराउनुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् र पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा विशेषगरी दोस्रो भाषी नेपाली विद्यार्थीलाई प्राथमिकता दिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) 'भाग्य' कथाको पहिलो र तेस्रो अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'भाग्य' कथा शुद्धसँग सस्वरवाचन गर्नसक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन,

(ख) कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कथा मौनपठन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू टिपोटगरी भन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीबाट नै ती शब्दको अर्थ खोज्नुहोस् । विद्यार्थीले नजानेको खण्डमा सिकाइदिनुहोस् । शिक्षकले सो कथामा विद्यार्थीलाई कठिन लाग्नसक्ने शब्दहरू टिपेर लगेको शब्दपत्ती प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई त्यसको अर्थ सोध्नुहोस् । अर्थपत्ती देखाइ विद्यार्थीले दिएको जवाफ सही हो वा होइन त्यसको मूल्याङ्कन स्वयम्लाई गर्न लगाउनुहोस् । शब्दार्थ शिक्षण गर्दा सो शब्दको पर्यायवाची र विपरीतार्थक शब्दको पनि शिक्षण गर्नुहोस् ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । पहिला शिक्षकले लगेको नमुना वाक्यमा प्रयोग देखाउनुहोस् र वाक्यमा प्रयोग गर्दा

अर्थ स्पष्ट हुनुपर्छभन्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दा शिक्षकले सुपरिवेक्षण गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

हकार्दै, गोडा, बेचैन, असन्तुष्टि, खिसिक्क, हुने बिरुवाको चिल्लो पात

**५.गृहकार्य**

अभ्यास नं.७,८,९ र १२ गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्त : मौनपठन र पठनबोध घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन,

(ख) निर्दिष्ट अनुच्छेदका मुख्य-मुख्य कुरा छोटकरीमा बताउन,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले 'भाग्य' कथाका अनुच्छेदहरू छनोटगरी विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौनपठन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(ख) मौनपठन सकिएपछि बोध प्रश्नहरूको सूची भएको वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीलाई हरेक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । प्रश्नहरू यस प्रकारका सोध्न सक्नुहुनेछ :

१.पुन्टेलाई कसले हकार्यो ?

२.दुधभात के ले खायो ?

३.हजुरआमाले पुन्टेलाई के भनिन् ?

४.पुन्टेको बाबु के गर्थे ?

(ग) विद्यार्थीबाट आएका उत्तरहरूलाई आवश्यक सुधार गरिदिनुहोस् ।

(घ) पाठको १-१२ अनुच्छेदसम्मका मुख्य-मुख्य बुँदाहरू पहिल्याई कापीमा टिपोट गर्न भन्नुहोस् र विद्यार्थीले बुँदा टिपिसकेपछि आफूले लगेको बुँदालाई प्रस्तुत गर्नुहोस् र ती बुँदाबाट सारांश लेख्न लगाई आवश्यक सहयोग गर्नुहोस् ।

**४. मूल्याङकन**

(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

१. धने साहुले पुन्टेलाई किन हकार्यो ?

२. धनेलाई दिउँसो साथीहरूले के गर्थे ?

**५.गृहकार्य**

अभ्यास नं.२-५ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या तथा भाव विस्तार घन्टी : १

**१. उद्देश्य**

यस शिक्षण क्रियाकलाप पश्चात् विद्यार्थीहरू 'भाग्य' कथाको विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुनेछन् ।

**२. शिक्षण साामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३. शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई 'भाग्य' कथा मौनपठन गर्न लगाउनुहोस् र उनीहरूलाई सो कथामा लागेको विशिष्ट पङ्क्तिलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेकाविशिष्ट पङ्क्तिलाई हेर्नुहोस् र आफुले लगेको विशिष्ट पङ्क्ति फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । यस कथामा तपाईले यो पङ्क्ति छान्न सक्नुहुनेछ : भाग्य निधारमा होइन, जीवनमा लेखिन्छ । कर्मको कलमले भाग्य लेख्नुपर्छ ।

(ख) व्याख्या गर्दा बुँदा टिपोट गर्नु आवश्यक हुन्छ । माथिको पङ्क्तिका लागि बुँदाहरू निम्नानुसार हुन सक्छन् :

१.छैटीको दिन लेखिएको भाग्यमा मात्र भर पर्नुनहुने,

२.भाग्य व्यक्तिको कामले बलियो हुने,

३.काम गरेर आफूलाई सफल पार्नुपर्ने,

४.केही पाइन्छ भनेर नबसी कर्मलाई सधैं निरन्तरता दिनुपर्ने,

(ग) शिक्षकले नमुना प्रस्तुत गरिसकेपछि विद्यार्थीलाई अघि उनीहरूले टिपोट गरेको विशिष्ट पङ्क्तिको व्याख्या गर्नका लागि आवश्यक बुँदा तयार पार्न लगाउनुहोस् र व्याख्या गर्न निर्देशन दिनुहोस् ।

(घ) भावविस्तार गर्न लगाउँदा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ख्याल गर्नुहोस् र भावविस्तार गरिसकेपछि २/४ जना विद्यार्थीलाई अगाडि ल्याएर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४. मूल्याङ्कन**

(क) कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५. गृहकार्य**

अभ्यास नं.६ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : वर्णविन्यास घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्धारित शब्दहरूको शुद्ध वर्णविन्यास पहिल्याउन,

(ख) लेखनमा उपयुक्त शब्दहरूको शुद्ध हिज्जे प्रयोग गर्न ,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले पाँचजना विद्यार्थीलाई निश्चित अनुच्छेद पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् र अरु विद्यार्थीहरूलाई पठनका क्रममा देखिएका त्रुटिमा रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) सस्वरपठनका क्रममा विद्यार्थीले उच्चारणमा त्रुटि गरेका शब्दहरू ख्याल गर्नुहोस् र अन्य २/३ जना विद्यार्थीलाई बोलाएर ती शब्दहरू शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् र वर्णविन्यासमा कति गल्ती गर्छन् हेर्नुहोस् र सहपाठी मूल्याङ्कन गराउनुहोस् ।

(ग) शुद्ध वर्णविन्यास प्रयोग भएका र नभएका शब्दहरूलाई वाक्यपत्ती मार्फत गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई कुन सही छ, कुन गलत छ भनी छुट्याउन लगाउनुहोस् ।

(घ) खाली ठाँउ भएका केही वाक्यहरू दिई शुद्ध शब्द छानी वाक्य पूरा गर्न लगाउनुहोस् । जस्तै :

१.उसकी……………भर्खरै जन्मेकी थिई । ( बहिनी, बहीनि, बहिनि )

२.ऊ स्कुलमा आफ्ना……………गोडा हेर्थ्यो । ( फूटेका, फुटेका )

३.मान्छेले जति……………गऱ्यो, त्यति राम्रो हुन्छ । ( मिहीनेत, मीहिनेत, मिहिनेत )

४.तिम्रो………अलि सुमधुर बनाऊ । ( आबाज, आवाज )

५.तिम्रो जन्मदिन तिम्रो लागि…………दिन हो । ( विसेस, विषेश, विशेष )

(ङ) वर्णविन्यास त्रुटिका कारणहरूमध्ये ध्यान दिएर पाठ नपढ्नुपनि हो । यसका लागि शुद्ध उच्चारण र ध्यानपूर्वक मौनपठन आवश्यक हुन्छ भन्ने कुरा विद्यार्थीहरूलाई बताउनुहोस् र शब्दहरूको श्रुतिलेखनको अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको शुद्ध रूप लेख्न लगाउनुहोस् :

वीद्यार्थी, विसेस, परिक्षा, उतिर्ण

(ख) लेख्दा खुट्टा काटेर लेखिने पाँचवटा शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.११ र १२ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (सर्वमान, निपात) घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) सर्वनामको उदाहणसहित प्रकार बताउन,

(ख) निपात शब्दको पहिचान गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले सर्वनामका प्रकार र निपात उल्लेख भएको उदाहरणसहितको वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई ती कस्ता शब्द हुन् भनी सोध्नुहोस् । वाक्यपत्तीमा यस्ता शब्दहरू लेख्न सक्नुहुनेछ :

१.म विद्यार्थी हुँ । २.यो विद्यालय हो । ३.जुन काम तिमी जान्दछौ त्यही गर ।

४.केही पुस्तक मलाई दिन्छौ ?५.तिमी हिजो घर गएनौ रे । ६.म जान्छु ल ।

(ख) यी माथिका रेखाङ्कित शब्दहरूले के जनाएका छन् र यी शब्दहरू के हुन् भनी सोध्नुहोस् र आगमनात्मक विधिले बताइदिनुहोस् ।

(ग) उदाहरण ५,६ र ७ का रेखाङ्कित शब्दहरूको एक्लै अर्थ नहुने र वाक्यमा आएपछि यिनीहरूले वाक्यको अर्थलाई सुन्दर पार्ने कार्य गर्दछन् भन्नुहोस् ।

(घ) शैक्षणिक पाटीमा खाली ठाँउ भएका वाक्यहरू दिई विद्यार्थीहरूलाई उपयुक्त सर्वमान र निपात शब्द भर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई कहाँ कहाँ कुन कुन शब्द भऱ्यौ भनी सोध्नुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पाठको अठारौ र उन्नाइस अनुच्छेदबाट सर्वनाम र निपात शब्द खोजी टिप्न लगाउनुहोस् र सर्वनामको प्रकार समेत छुट्याउन लगाउनुहोस् ।

**५.गृहकार्य**

पाठको अभ्यास नं.१३ देखि १६ सम्म ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : कथा लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण क्रियाकलाप पश्चात् विद्यार्थीहरू दिइएको शीर्षक, बुँदाहरूका आधारमा कथाको रचना गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, बालपत्रिकाहरू, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले वाक्यपत्तीलाई फलाटिन पाटीमा राख्नुहोस् र त्यहाँ लेखिएका कथाका शीर्षकहरूको सूची र कथा लेखनका लागि बुँदाहरू पढ्न लगाउनुहोस् ।

(ख) प्रस्तुत गरेका बुँदाहरू मध्येबाट एउटा नमुना कथा तयार पारेर लगेको कथा प्रस्तुत गर्नुहोस् र विभिन्न बुँदाहरूबाट कसरी कथा लेख्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई अन्य बुँदाबाट कथा तयार पार्न लगाउनुहोस् । बुँदा बढीमा दश हरफको बनाउनुहोस्, जस्तै :

एउटा गाउँमा एक दम्पती बस्नु । बुढो साह्रै लोभी र सामन्ती हुनु । अरुलाई सहयोग गरिस भनेर बुढीसँग झगडा गर्नु । बुढी दिक्क हुनु र मन्दिर जानु । घरमा बुढो बिरामी पर्नु । गाउँमा कसैले पनि वास्ता नगर्नु बुढीले गाउँले बोलाएर अस्पतालसम्म लैजाने व्यवस्था गर्नु । बुढाले आफूले गरेको गलत व्यवहार महसुस गर्नु । सबैसँग माफी माग्नु । सबैलाई राम्रो व्यवहार गर्नुपर्छ भन्ने सन्देश ।

(ङ) विभिन्न बालकथामा भएका कथा सुनाउनुहोस् र स्वतन्त्र कथा लेख्न प्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलापबाट नै मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१७ र १८ गरेर आउन निर्देशन दिनुहोस् ।

**पाठ : ३ देवकुमारी थापा अनुमानित घन्टी : ७**

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरपठन र शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.मौनपठन र बोध प्रश्नोत्तर | १ |
| ४.बुँदा टिपोट र सारांश लेखन | १ |
| ५.कार्यमूलक व्याकरण | २ |
| ६.जीवनी लेखन | १ |

## पाठ्यवस्तु : सस्वरपठन र शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) प्रस्तुत जीवनीलाई सस्वरपठन गर्न,

(ख) जीवनीमा प्रयुक्त कठिन शब्दको उच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले पहिलो अनुच्छेद नमुना सस्वरपठन गर्नुहोस् ।

(ख) विद्यार्थीलाई पनि सस्वरपठन गर्न लगाउनुहोस् र कुन शब्द उच्चारण गर्दा त्रुटि गर्छन् सो कुराको ख्याल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई उच्चारणमा कठिन लागेका शब्दहरू टिप्न लगाउनुहोस् र ती शब्दलाई शिक्षकले शुद्धसँग उच्चारणगरी अनुकरण उच्चारण गराउनुहोस् ।

(घ) पाठमा भएका कठिन शब्दहरूको सूची विद्यार्थीलाई गोजीतालिकाको माध्यमले प्रस्तुत गर्नुहोस् र शुद्ध, स्पष्ट उच्चारण गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई सामूहिक र व्यक्तिगत रूपमा नै कठिन शब्दहरूको उच्चारण गर्ने अभ्यास पटक-पटक गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं.१२, १४ र १५ गराउनुहोस् ।

**५.गृहकार्य**

पाठलाई शुद्धसँग पढ्न सक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ बताउन,

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पाठ मौनपठन गर्न लगाउनुहोस् र कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) यसरी टिपिएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् विद्यार्थीले जानेनन् भने शिक्षकले सिकाइदिनुहोस् ।

(घ) शिक्षक आफूले तयार पारेको कठिन शब्दहरू गोजीतालिकामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट अर्थ खोज्ने प्रयास गर्नुहोस् । विद्यार्थीको उत्तर सही भयो वा भएन भनेर हेर्ने जिम्मा विद्यार्थीलाई नै दिनुहोस् । शिक्षकले आफूले लगेको अर्थपत्ती देखाउनुहोस् । शब्दार्थ शिक्षण गर्दा सो शब्दको विपरीतार्थक अर्थपनि सिकाउनुहोस् ।

(ङ) अर्थ जानिसकेपछि विद्यार्थीलाई सोही शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) शिक्षकले वाक्यमा प्रयोगगरी तयार पारेको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् । यसैगरी विद्यार्थीलाई पनि पर्याप्त अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) निम्न शब्दको अर्थ भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

व्यवस्था, चौतर्फी, प्रवेशिका, प्रयत्न

**५.गृहकार्य**

अभ्यास नं.९ देखि ११ सम्म गरेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : मौनपठन र बोध प्रश्नोत्तर घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेद पढी सोधिएका बोध प्रश्नको उत्तर दिन,

(ख) उक्त अनुच्छेदको मुख्य-मुख्य कुरालाई छोटकरीमा वर्णन गर्न,

**२.शिक्षण सामग्री**

बोध प्रश्नहरूको सूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूको समूह विभाजन गरी निर्दिष्ट पक्तिंहरू मौनवाचन गर्न लगाउनुहोस् र आफूले सुपरिवेक्षण गर्नुहोस् ।

(ख) मौनवाचन पश्चात शिक्षकले लगेको बोध प्रश्नहरू फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पालैपालो उत्तर सोध्नुहोस् ।

(ग) उपर्युक्त प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई प्रस्तुत अनुच्छेदका मुख्य-मुख्य कुरा छोटकरीमा भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ङ) विभिन्न प्रश्नहरू सोध्नुहोस् र ती बुँदाका आधारमा छोटो वर्णन गर्ने अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) विभिन्न बोध प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ख) कुनै अनुच्छेद पढ्न दिई पाँचओटा मुख्य कुरा भन्न लगाउनुहोस् ।

**५.गृहकार्य**

पाठको अभ्यास नं.६ र ७ गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखनघन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) देवकुमारी थापाको जीवनी पढेर मुख्य-मुख्य बुँदा टिपोट गर्न,

(ख) मुख्य बुँदाका आधारमा सारांश लेख्न,

**२.शिक्षण सामग्री**

मुख्य-मुख्य बुँदाको सूची, सारांशको नमुना

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र निर्दिष्ट अनुच्छेदबाट मुख्य-मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) सबै समूहले बुँदा टिपोट गरिसकेपछि नदोहोरिनेगरी बुँदाहरूलाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) बुँदा टिपोट गरिसकेपछि सो बुँदाका आधारमा जीवनीको सारांश लेख्न लगाउनुहोस् ।

(घ) आफूले ल्याएका शिक्षण सामग्रीहरू सबैले देख्ने स्थानमा टाँसी उनीहरूले लेखेको सारांश कस्तो भएछ के थपघट गर्नुपर्ने रहेछ सो कुरा केलाउन लगाउनुहोस् र शिक्षकले जाँचिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पाठको दोस्रो अनुच्छेदबाट पाँचवटा बुँदा टिपेर सो अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् ।

**५.गृहकार्य**

पाठको अभ्यास नं.८ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (कारक र विभक्ति) घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) वाक्यमा विभक्तिको उपयुक्त प्रयोग गर्न,

(ख) निर्धारित अनुच्छेदबाट रेखाङ्कित शब्दको कारक छुट्याउन,

**२.शिक्षण सामग्री**

कारक विभक्ति जनाउने शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विभक्ति र कारकको परिचय दिनुहोस् ।

(ख) विभक्ति प्रयोग भएका विभिन्न वाक्यहरू वाक्यपत्तीमा लेखेर ल्याउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) कारकहरू लेखिएको वाक्यपत्तीलाई पनि गोजीतालिकामा प्रस्तुत गर्नुहोस् ।

(घ) शैक्षणिक पाटीमा निर्देशन दिई खाली ठाउँ भर्न केही वाक्यहरू लेख्नुहोस् । यस्ता वाक्यहरू लेख्न सक्नुहुनेछ :

१.भाइ ..........जाडोको लुगा किन्यो । ( प्रथमा विभक्ति )

२.ममीले तिमी ..........बोलाउनुभयो । ( द्वितीया विभक्ति )

३.मेरो झोला..........किताब छ । ( सप्तमी विभक्ति )

४.विवेश बिहानै...........खेल्दै छ । ( पञ्चमी विभक्ति )

५.सीता पेन्सिल..........चित्र कोर्छिन । ( तृतीया विभक्ति )

(ङ) माथिको खाली ठाँउमा विद्यार्थीहरूलाई उपयुक्त विभक्ति चिह्न राख्नका लागि शब्दपत्तीमा ल्याएका विभिन्न विभक्ति चिह्न देखाउनुहोस् र छानेर राख्न लगाउनुहोस् । यसो गर्दा शब्दपत्ती छ वटा हुनु राम्रो मानिन्छ ।

(च) विभक्ति सिकाइसकेपछि पाठको कुनै अनुच्छेदमा भएका कारकहरूको पहिचानगरी रेखाङ्कन गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् । टिपिएका शब्दहरूको कारक छुट्याउन लगाउनुहोस् ।

(छ) विद्यार्थीले सही उत्तर दिए धन्यवाद दिनुहोस् गलत उत्तर दिए सिकाइदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) शैक्षणिक पाटीमा विभिन्न कारक प्रयोग भएका वाक्यहरू लेखी तिनीहरूको कारक छुट्याउन लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१७ र १८ गरेर आउन भन्नुहोस् ।

## पाठ्यवस्तु : जीवनी लेखन घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निश्चित बुँदाका आधारमा जीवनी लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

बुँदाहरू लेखिएको टिपोट, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई कुनै ख्यातिप्राप्त व्यक्तिको बारेमा जानकारी दिनुहोस् र मौखिक रूपमा नै सो व्यक्तिको जीवनी बताइदिनुहोस् ।

(ख) शिक्षकले लगेको कुनै व्यक्तिको जीवनीका मुख्य-मुख्य बुँदाहरू फलाटिन पाटीको सहायताले प्रस्तुतगर्नुहोस् ।

(ग) ती बुँदाहरूमा जन्म, (मृत्यु), शिक्षा, योगदान, पुरस्कार लेख्न नछुटाउनुहोस् ती कुरालाई विद्यार्थीले कतिको ध्यान दिए सो को मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । यसरी लेखिएको बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षाकार्य कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

यस पाठको सिर्जनात्मक अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ : ४ ग्रन्थचित्र अनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.छलफल र प्रश्नोत्तर | १ |
| ४.भाव व्याख्या | १ |
| ५.बुँदा टिपोट र सारांश | १ |
| ६.कार्यमूलक व्याकरण | १ |
| ७.प्रबन्ध लेखन | १ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्धारित अनुच्छेद सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयुक्त कठिन शब्दको शुद्ध उच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई ग्रन्थचित्रसम्बन्धी विभिन्न कुराहरू गरी ध्यानाकर्षण गराउनुहोस् र शिक्षकले पहिलो अनुच्छेद नमुना सस्वरपठन गरी सुनाउनुहोस् ।

(ख) विद्यार्थीलाई पनि सस्वरपठन गर्न लगाउनुहोस् र कुन शब्द उच्चारण गर्दा त्रुटि गर्छन् सो को ख्याल गर्नुहोस् ।

(ग) विद्यार्थीलाई उच्चारणमा कठिन लागेका शब्दहरू टिप्न लगाउनुहोस् र ती शब्दलाई शिक्षकले शुद्धसँग उच्चारणगरी अनुकरण उच्चारण गराउनुहोस् ।

(घ) पाठमा भएका कठिन शब्दहरूको सूची विद्यार्थीलाई गोजीतालिकाको माध्यमले प्रस्तुत गर्नुहोस् र शुद्ध, स्पष्ट उच्चारण गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई सामूहिक र व्यक्तिगत रूपमा नै कठिन शब्दहरूको उच्चारण गर्ने अभ्यास पटक-पटक गराउनुहोस् ।

(च) शुद्धोच्चारणको अभ्यास आवश्यकताअनुसार अघि बढाउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पहिलो अनुच्छेद सस्वरवाचन गराउनुहोस् ।

(ख) पाठमा भएका प्रकृति, संस्कार, संस्कृति, ग्रन्थ, पञ्चबुद्ध, बज्रसत्व जस्ता शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

पाठलाई शुद्धसँग पढ्न सक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ बताउन,

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, जोडा मिलाउने सूची, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् र कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) यसरी टिपिएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् विद्यार्थीले जानेनन् भने शिक्षकले सिकाइदिनुहोस् ।

(घ) शिक्षकलेल्याएको कठिन शब्दहरू गोजीतालिकामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट अर्थ खोज्ने प्रयास गर्नुहोस् विद्यार्थीको उत्तर सही भयो वा भएन भनेर हेर्ने जिम्मा विद्यार्थीलाई नै दिनुहोस् । आफूले लगेको अर्थपत्ती देखाउनुहोस् ।

(ङ) फलाटिन पाटीमा एकापटि शब्द अर्कोपटि अर्थ लेखिएको जोडा मिलाउने सूची राख्नुहोस् र ती शब्द र अर्थको जोडा मिलाउन लगाउनुहोस् र शब्दको अर्थ जानिसकेपछि विद्यार्थीलाई सोही शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) शिक्षकले वाक्यमा प्रयोग गरेको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् । यसैगरी विद्यार्थीलाई पनि पर्याप्त अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) निम्न शब्दको अर्थ भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सिर्जनशील, आविष्कार, प्रज्ञा पारमिता, चतुसतारा

**५.गृहकार्य**

अभ्यास नं.८, ९ र १० सम्म गरेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : छलफल र प्रश्नोत्तर घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'ग्रन्थचित्र' प्रबन्धका सम्बन्धमा छलफलमा भाग लिन,

(ख) 'ग्रन्थचित्र' सम्बन्धी विभिन्न प्रश्नोत्तर गर्न,

**२.शिक्षण सामग्री**

नमुना प्रश्नोत्तर, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विभिन्न खालका हस्तलिखित चित्रहरूका बारेमा छलफल गराउनुहोस् । चित्रकलाको इतिहास र त्यसले हाम्रो पहिचानमा पारेको प्रभाव आदिका बारेमा पनि छलफल गराउनुहोस् । विद्यार्थीलाई पाठ मौनपठन गर्न लगाउनुहोस् ।

(ख) प्रस्तुत पाठ समेट्ने प्रश्न बनाएर लानुहोस्, प्रश्नहरू यस्ता बनाउन सक्नुहुनेछ :

१.प्राचीन युगदेखि सुरु भएको चित्र कुन हो ?

२.प्राचीन समयमा के मा चित्र कोर्ने चलन थियो ?

३.ग्रन्थचित्र ललितकलाको कुन भेदअन्तर्गत पर्दछ ?

४.हाम्रा कुन-कुन प्राचीन कलासँग हामी परिचित हुन पाएका छौँ ?

(ग) विद्यार्थीलाई यी प्रश्नको उत्तर भन्न लगाउनुहोस् र आफूले लगेको नमुना उत्तर देखाइदिनुहोस् ।

(घ) छलफल गर्दा उनीहरूको वरपर त्यस्ता कुनै चित्रहरू भए त्यसका बारेमा पनि छलफल गराउनुहोस् र आवश्यकताअनुसार छलफल प्रश्नोत्तर गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं.२ का प्रश्नहरू सोध्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.५, ६ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्या तथा भाव विस्तार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू 'ग्रन्थचित्र' प्रबन्धका विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण साामग्री**

विशिष्ट पङ्क्ति लेखिएको मेटाकार्ड, व्याख्याको नमुना फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई 'ग्रन्थचित्र' प्रबन्ध मौनपठन गर्न लगाउनुहोस् र उनीहरूलाई लागेको विशिष्ट पङ्क्तिलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेकाविशिष्ट पङ्क्तिलाई हेर्नुहोस् र आफूले लगेको विशिष्ट पङ्क्ति फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् ।

(ख) ती विशिष्ट पङ्क्ति मध्येबाट एउटा पङ्क्तिको नमुना व्याख्या प्रस्तुत गर्नुहोस् र सोहीअनुरूप अन्य पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् व्याख्या गर्दा बुँदा टिपोट गर्नु आवश्यक हुन्छ भन्ने कुरा सिकाउनुहोस् ।

(ग) भावविस्तार गर्न लगाउँदा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ख्याल गर्नुहोस् र भावविस्तार गरिसकेपछि २/४ जना विद्यार्थीलाई अगाडि ल्याएर प्रस्तुत गर्न लगाउनुहोस् जसले गर्दा विद्यार्थीको बोल्ने क्षमताको पनि विकास हुन्छ ।

(घ) विद्यार्थीले गरेको भाव विस्तारको मूल्याङ्कन गर्नुहोस् र कुनै विद्यार्थीप्रति पनि पक्षभाव नराख्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलको पङ्क्तिको भाव विस्तार गर्न लगाउनुहोस् ।

परम्परादेखि विकसित भएको ग्रन्थचित्रले अहिले व्यापक रूप ग्रहण गरेको छ ।

**५.गृहकार्य**

अभ्यास नं.७ गरेर आउन भन्नुहोस् ।

## पाठ्यवस्तु : बुँदा टिपोट र सारांश घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) छ्यासमिस पारेर दिएका बुँदाहरूलाई क्रमश : मिलाउन,

(ख) ती बुँदाहरूका आधारमा सारांश लेख्न,

**२.शिक्षण सामग्री**

मुख्य-मुख्य बुँदाको सूची, सारांशको नमुना,फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र निर्दिष्ट अनुच्छेदबाट मुख्य-मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले पढिसकेपछि छ्यासमिस पारिएका बुँदाहरू प्रस्तुत गर्नुहोस् र पाठका आधारमा क्रमश :मिलाउन लगाउनुहोस् ।

(ग) बुँदाहरू मिलाउन विद्यार्थीलाई सहयोग गर्नुहोस् र सो बुँदाका आधारमा जीवनीको सारांश लेख्न लगाउनुहोस् ।

(घ) आफूले ल्याएका शिक्षण सामग्रीहरू सबैले देख्ने स्थानमा टाँसी उनीहरूले लेखेको सारांश कस्तो भएछ के थपघट गर्नुपर्ने रहेछ सो कुरा केलाउन लगाउनुहोस् र शिक्षकले जाँचिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पाठको पहिलो अनुच्छेदबाट पाँचवटा बुँदा टिपेर सो अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् ।

**५.गृहकार्य**

दोस्रो र तेस्रो अनुच्छेदबाट १० वटा बुँदा टिपेर सारांश लेखेर ल्याऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (काल) घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) वर्तमान कालका वाक्यहरूलाई भूत र भविष्यत् कालमा बदल्न,

(ख) निर्देशनअनुरूप वाक्यको काल परिवर्तन गर्न,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई तिमी अहिले के गर्दैछौ ? हिजो के काम गऱ्यौ ? भोलि के गर्नेछौ ?भन्ने प्रश्न सोध्नुहोस् र उनीहरूको उत्तरको आधारमा काल छुट्याइदिनुहोस् ।

(ख) वर्तमान कालका विभिन्न वाक्यहरू जस्तै : म पढ्दै छु, सीताले किताब बोकेकी छिन्, भाइ रुन्छ आदि शैक्षणिक पाटीमा लेख्नुहोस् र त्यसलाई भूत र भविष्यत् कालमा परिवर्तन गर्नुहोस् ।

(ग) काल परिवर्तन गर्न सिकाइसकेपछि कोष्ठमा धातु दिएर त्यसका आधारमा काल परिवर्तन गर्न निर्देशन दिइएको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् र त्यहाँ भएअनुसार परिवर्तन गर्ने अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीले जानेको खण्डमा धन्यवाद दिनुहोस् र नजान्ने विद्यार्थीलाई साथीको सहयोग लिन भन्नुहोस् र आवश्यकताअनुसार यो अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलको वाक्यलाई भूत र भविष्यत् कालमा परिवर्तन गर्न लगाउनुहोस् :

तिमी कविता लेख्छौ, म गीत गाउँछु ।

(ख) तलको निर्देशनअनुरूप वाक्य परिवर्तन गर्न लगाउनुहोस्

मैले भात खाए । (अपूर्ण भविष्यत्)

हामी वनभोज जाने छौ । (पूर्ण वर्तमान)

**५.गृहकार्य**

अभ्यास नं.१७, १८ र १९ गरेर ल्याऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : प्रबन्ध लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू स्वतन्त्र र निर्देशित विषयमा प्रबन्ध लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

प्रबन्ध लेखनमा ध्यान दिनुपर्ने कुराको सूची, प्रबन्ध लेखनका लागि शीर्षक र बुँदाहरू, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) अनुच्छेद लेखनको विस्तारित रूप प्रबन्ध लेखन भएकाले सर्वप्रथम चार/पाँचवटा बुँदा दिएर अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ख) अनुच्छेद लेखिसकेपछि त्यसैसँग सम्बन्धित अन्य बुँदाहरूपनि फलाटिन पाटीमा टाँसिदिनुहोस् र त्यसका आधारमा प्रबन्ध लेख्न लगाउनुहोस् ।

(ग) प्रबन्ध लेखन कम्तीमा पनि तिन अनुच्छेदमा हुनुपर्छ :

परिचय

विस्तार तथा व्याख्या

उपसंहार

(घ) विद्यार्थीको वैयक्तिक रुचिअनुरूपको स्वतन्त्र प्रबन्ध लेख्नपनि प्रोत्साहन गर्नुहोस्, जसले गर्दा उनीहरूको सिर्जनात्मक क्षमतामा वृद्धि हुन्छ ।

(ङ) कक्षामा सम्भव भएसम्म सबै विद्यार्थीको लेखन हेरेर सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

आफुले जाने बुझेको कुनै एउटा विषयमा प्रबन्ध लेखेर आउन भन्नुहोस् ।

## पाठ : पाँच निवेदन अनुमानित घन्टी : ६

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरपठन र शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.निवेदन लेखन | २ |
| ४.कार्यमूलक व्याकरण | १ |
| ५.सिर्जनात्मक अभ्यास | १ |
| | |

## पाठ्यवस्तु : सस्वरवाचन तथा शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'निवेदन' लाई सस्वरपठन गर्न,

(ख) 'निवेदन' मा प्रयुक्त कठिन शब्द शुद्धसँग उच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबै विद्यार्थीलाई निवेदन सस्वरपठन गर्न लगाउनुहोस् । पढ्दा विद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) शिक्षकले आर्दशवाचन गरिदिनुहोस् र विद्यार्थीलाई ध्यान दिएर सुन्न भन्नुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् । यस निवेदनमा यी शब्दहरू उच्चारणमा कठिन हुनसक्छन् : आदर्श, राष्ट्रिय,

प्रतिष्ठान, प्रजातान्त्रिक आदि । यी शब्दहरूलाई पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा विशेषगरी दोस्रो भाषी नेपाली विद्यार्थीलाई प्राथमिकता दिनुहोस् । उच्चारणको अभ्यास गराइसकेपछि श्रुतिलेखनको अभ्यासपनि गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) 'निवेदन' पाठलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'निवेदन' लाई शुद्धसँग राम्रा अक्षरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ बताई सो शब्दको विपरीतार्थक शब्द बताउन,

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् र कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) यसरी टिपिएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् विद्यार्थीले जानेनन् भने शिक्षकले सिकाइदिनुहोस् ।

(घ) शिक्षक आफूले ल्याएको कठिन शब्दहरू गोजीतालिकामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट अर्थ खोज्ने प्रयास गर्नुहोस् विद्यार्थीको उत्तर सही भयो वा भएन भनेर हेर्ने जिम्मा विद्यार्थीलाई नै दिनुहोस् । शिक्षकले आफूले लगेको अर्थपत्ती देखाउनुहोस् ।

(ङ)　शब्दको अर्थ जानिसकेपछि सो शब्दको विपरीतार्थक शब्दका बारेमा पनि छलफल गराउनुहोस् ।

(च)　शिक्षकले वाक्यमा प्रयोग गरी तयार पारेको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् । यसैगरी विद्यार्थीलाई पनि अन्य शब्दलाई वाक्यमा प्रयोग गर्ने पर्याप्त अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क)　निम्न शब्दको अर्थ भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

　　नियमित, सहिद, प्रतिभा

**५.गृहकार्य**

अभ्यास नं.५ देखि ८ सम्म गरेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : निवेदन लेखन　　　　घन्टी : २

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निर्देशित र स्वतन्त्र निवेदन लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

निवेदनको ढाँचा, निवेदन लेखनका लागि विषय लेखिएको सूची

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क)　सर्वप्रथम विद्यार्थीलाई तिमी आजसम्म विद्यालयमा कुनै दिन अनुपस्थित भएका छौ ? अनि आफू अनुपस्थित हुँदा विद्यालयमा निवेदन लेख्छौ कि लेख्दैनौ भनेर सोध्नुहोस् ।

(ख)　निवेदन लेख्दा के कस्तो ढाँचामा लेख्नुपर्छ भनेर सोध्नुहोस्, विद्यार्थीले निवेदन लेख्ने गरेका भए बताउनेछन्, विद्यार्थीले बताए नबताए जे गरेपनि शिक्षकले लगेको निवेदनको ढाँचा प्रस्तुतगर्नुहोस् ।

(ग)पहिलो पटक ढाँचा र विषय दिएर निवेदन लेख्न लगाउनुहोस् र विद्यार्थीले लेखेको निवेदन हेरेर आवश्यक सुधार गरिदिनुहोस् ।

(घ) अब भने ढाँचा नदिई विषयमात्र दिएर निवेदन लेख्न लगाउनुहोस् । यसरी लेखिएको निवेदन ढाँचाअनुरूप छ वा छैन भन्ने जाँच गर्नुहोस् ।

(ङ) विभिन्न समूह विभाजन गरी भिन्न-भिन्न विषयमा निवेदन लेख्न लगाई समूह-समूहका प्रतिनिधि निवेदन जाँचगरी आवश्यक सुझाव दिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.४ गरेर ल्याउन भन्नुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (विशेषण) घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू विशेषणका चार किसिम र तिनका उदाहरणहरू बताउन सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

विशेषणका प्रकार र उदाहरण लेखिएको तालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क)सर्वप्रथम एउटा विद्यार्थीलाई उठाउनुहोस् र उसलाई आफ्नो साथी कस्तो छ भन्न लगाउनुहोस्उसले मोटो, दुब्लो, धेरै पढ्ने, नपढ्ने वा यस्तै केही जवाफ दिन्छ, विद्यार्थीले दिएको यो जवाफले उसको साथीको विशेषता जनायो, यही विशेषता जनाउने शब्द नै विशेषण हो भन्नुहोस् ।

विद्यार्थीले दिए कै उत्तरमा विशेषणमा प्रकारहरू पनि खोज्नुहोस् ।

(ख) शिक्षकले लगेको विशेषणका उदाहरण लेखिएको तालिका फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् र उहीर उस्तै खालका विशेषता बोकेका शब्दहरू पहिचान गर्न लगाउनुहोस् ।

(ग) एउटै किसिमका विशेषता जनाउने शब्दहरूलाई शैक्षणिक पाटीमा मिलाएर टिप्नुहोस् र तिनीहरूको विशेषताका आधारमा प्रकार छुट्याइदिनुहोस् । जस्तै : कुनै व्यक्ति वा वस्तुको गुण जनाउने शब्द भए गुणबोधक विशेषण, धेरै, थोरै, यति, उति आदि परिमाण जनाउने शब्द भए परिमाणबोधक विशेषण आदि गरी सबै विशेषणका प्रकार छुट्याइ शिक्षण गर्नुहोस् ।

(घ) यसरी विशेषताका आधारमा चारवटै किसिमका बारेमा छलफल गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पाठमा भएका गुणबोधक र सङ्ख्याबोधक विशेषण लेख्न लगाउनुहोस् ।

**५.गृहकार्य**

विशेषणका सबै प्रकारका पाँच/पाँचवटा उदाहरण लेखेर ल्याउन भन्नुहोस् ।

## पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू शुभकामना लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

नमुना शुभकामना पत्र

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई नयाँ वर्ष, दशैं, तिहार, छठ वा जन्मदिनको उपलक्ष्यमा आफ्नो घरमा शुभकामना पत्र आएको छ कि छैन भनेर सोध्नुहोस् । यदि आएको र उनीहरूले त्यसप्रति ध्यान दिएको भए यस्तो हुन्छ भन्छन् यदि शुभकामनाका बारेमा अनविज्ञ छन् भने कुनै विशेष उपलक्ष्यमा कसैको राम्रो होस् भनेर भलो चिताएर पठाइने पत्रलाई शुभकामना भनिन्छ भन्नुहोस् ।

(ख) शुभकामनाका बारेमा बताइसकेपछि आफूले लगेको नमुना शुभकामना पत्र प्रस्तुत गर्नुहोस् । नमुनाशुभकामना यदि उपलब्ध छ भने कही कतैबाट आफूलाई आएको शुभकामना पत्र नै लैजानुहोस् ।

(ग) शुभकामना पत्रको नमुना देखाइसकेपछि कुनै विषय दिएर शुभकामना लेख्न लगाउनुहोस् । यसको लागि यस्ता विषय छान्न सक्नुहुनेछ : आफ्नो मिल्ने साथीलाई उसको जन्मदिनको अवसरमा एउटा शुभकामना पत्र तयार पार ।

(घ) विद्यार्थीले लेखेको शुभकामना जाँच गर्नुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) विद्यार्थीले लेखेको शुभकामना कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

तिमीले मनाउने कुनै विशेष चाडको उपलक्ष्यमा साथीलाई पठाउने शुभकामना पत्र तयार पारेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ : ६ मित्रता अनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरपठन तथा शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.मौनपठन र बोधप्रश्नोत्तर | २ |
| ४.भाव व्याख्या | १ |
| ५.कार्यमूलक व्याकरण | १ |
| ६.कथा लेखन | १ |

### पाठ्यवस्तु : सस्वरपठन तथा शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'मित्रता' कथालाई गति, यति मिलाई सस्वरपठन गर्न,

(ख) 'मित्रता' कथामा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम शिक्षकले शिक्षणप्रति विद्यार्थीलाई उत्प्रेरणा जगाउन छोटो रमाइलो कथा सुनाईकक्षा प्रारम्भ गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र कथाका केही अनुच्छेद सस्वरपठन गर्न लगाउनुहोस् र कथा पढ्दा विद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोटगरी उच्चारणको अभ्यास गराउनुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् यस कथामा यी शब्दहरू उच्चारणमा कठिनाइ आउन सक्छन् : ऋषि, द्रोण, पाञ्चाल, शस्त्रास्त्र, पारङ्गत, रन्थनिदै आदि र यी शब्दहरूलाई पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा विशेषगरी दोस्रो भाषी नेपाली विद्यार्थीलाई प्राथमिकता दिनुहोस् । उच्चारणका साथै श्रुतिलेखनको पनि अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) 'मित्रता' कथाको पहिलो र तेस्रो अनुच्छेद सस्वरपठन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१५, १६, र १७ गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ र पर्यायवाची शब्द बताउन,

(ख) कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कथा मौनपठन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू टिपोटगरी भन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीबाट नै ती शब्दको अर्थ खोज्नुहोस् । विद्यार्थीले नजानेको खण्डमा सिकाइदिनुहोस् । शिक्षकले सो कथामा विद्यार्थीलाई कठिन लाग्नसक्ने शब्दहरू टिपेर लगेको शब्दपत्ती प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई त्यसको अर्थ सोध्नुहोस् र अर्थपत्ती देखाइ विद्यार्थीले दिएको जवाफ सही हो वा होइन त्यसको मूल्याङ्कन स्वयम्लाई गर्न लगाउनुहोस् । शब्दार्थ शिक्षण गर्दा सो शब्दको पर्यायवाची शब्दको पनि शिक्षण गर्नुहोस् ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । पहिला शिक्षकले लगेको नमुना वाक्यमा प्रयोग देखाउनुहोस् र वाक्यमा प्रयोग गर्दा अर्थ स्पष्ट हुनुपर्छ भनी भन्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दा शिक्षकले सुपरिवेक्षण गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको अर्थ,पर्यायवाची शब्द भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सूचक, प्रगाढ, प्रतिशोध

**५.गृहकार्य**

अभ्यास नं.९-१३ गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्त : मौनपठन र बोधप्रश्नोत्तर घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन,

(ख) निर्दिष्ट अनुच्छेदका मुख्य-मुख्य कुरा छोटकरीमा बताउन,

**२.शिक्षण सामग्री**

बोधप्रश्न सूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले 'मित्रता' कथाका अनुच्छेदहरू छनोटगरी विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौनपठन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(ख) मौनपठन सकिएपछि बोध प्रश्नहरूको सूची भएको वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीलाई हरेक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । प्रश्नहरू यस प्रकारका सोध्न सक्नुहुनेछ

१.बालक अश्वत्थामा किन रुन्थे?

२.द्रोणलाई शास्त्र विद्या कसले सिकायो?

३.द्रुपदले के कुरामा घमण्ड गरे?

(ग) यी प्रश्नहरू विद्यार्थीलाई सामूहिक रूपमा सोध्नुहोस् र व्यक्तिगत उत्तर लिनुहोस्र विद्यार्थीबाट आएका उत्तरहरूलाई आवश्यक सुधार गरिदिनुहोस् ।

(घ) विद्यार्थीलाई कथाको दोस्रो अनुच्छेदबाट मुख्य-मुख्य बुँदा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

**४.मूल्याङकन**

(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

१.द्रुपदले द्रोणलाई के भनेका थिए ?

२.मित्र धर्म कसले निभाएको पाइन्छ?

**५.गृहकार्य**

अभ्यास नं. ५ गरेर आउ भन्नुहोस् ।

## पाठ्यवस्तु : भाव व्याख्या घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू 'मित्रता' कथाको विशिष्ट पङ्क्तिको भाव व्याख्या/गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण साामग्री**

मुख्य बुँदाको सूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई 'मित्रता' कथा मौनपठन गर्न लगाउनुहोस् र उनीहरूलाई सो कथामा लागेको विशिष्ट पङ्क्तिलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेकाविशिष्ट पङ्क्तिलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिसकेपछि सबैभन्दा विशिष्ट पङ्क्तिलाई व्याख्या गर्नका लागि बुँदा लेख्न लगाउनुहोस् ।

(ख) व्याख्या गर्दा बुँदा टिपोट गर्नु आवश्यक हुन्छ, र बुँदा टिपोटको एउटा नमुना प्रस्तुत गर्नुहोस् सोहीअनुरूप विद्यार्थीलाई सिकाउनुहोस् ।

(ग) शिक्षकले नमुना प्रस्तुत गरिसकेपछि विद्याथीलाई अघि उनीहरूले टिपोट गरेको विशिष्ट पङ्क्तिको व्याख्या गर्नका लागि आवश्यक लेखिएका बुँदाअनुसार पार्न व्याख्या गर्न निर्देशन दिनुहोस् ।

(घ) भावविस्तार गर्न लगाउँदा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ख्याल गर्नुहोस् र भावविस्तार गरिसकेपछि २/४ जना विद्यार्थीलाई अगाडि ल्याएर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.६ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (पुरुष र आदर) घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू कोष्ठकमा दिइएको निर्देशन अनुसार वाक्य परिवर्तन गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरू समक्ष विभिन्न पुरुष र आदर भएका वाक्यहरू वाक्यपत्तीको सहायताले प्रस्तुत गर्नुहोस् ।

(ख) आगमनात्मक विधिले प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषका बारेमा शिक्षण गर्नुहोस् । त्यसपश्चात आफूभन्दा साना, आफूभन्दा ठुला र आफू समानका व्यक्तिहरूसँग कस्तो भाषाशैली प्रयोग गरेर बोल्छौ भनी विद्यार्थीलाई सोध्नुहोस् र सो नै आदर भएको कुरा स्पष्ट पार्नुहोस् ।

(ग) पुरुष र आदर सिकाइसकेपछि शैक्षणिक पाटीमा केही वाक्यहरू लेख्नुहोस् र कोष्ठकमा सङ्केत दिएर वाक्य परिवर्तन गर्न लगाउनुहोस् र आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कोष्ठकमा सङ्केत दिई वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

१.म तलाई किताब दिन्छु । (मध्यम आदर)

२.उसलाई मैले बजारमा देखेकी थिँए । (द्वितीय पुरुष)

**५.गृहकार्य**

अभ्यास नं.१९ गरेर आऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : कथा लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू दिइएको शीर्षक, बुँदाहरूका साथै स्वतन्त्र रूपमा कथा लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, बालपत्रिकाहरू, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई तिमीहरूले आजसम्म कथा लेखेका छौ कि छैनौ भनी सोध्नुहोस्, यदि कसैले लेखेका रहेछन् भने पढ्न लगाई कक्षा सुरु गर्नुहोस् । शिक्षकले लगेको वाक्यपत्तीलाई फलाटिन पाटीमा राख्नुहोस् र त्यहाँ लेखिएका कथाका शीर्षकहरूको सूची र कथा लेखनका लागि बुँदाहरू पढ्न लगाउनुहोस् ।

(ख) प्रस्तुत गरेका बुँदाहरू मध्येबाट एउटा नमुना कथा तयार पारेर लगेको कथा प्रस्तुत गर्नुहोस् र विभिन्न बुँदाहरूबाट कसरी कथा लेख्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई अन्य बुँदाबाट कथा तयार पार्न लगाउनुहोस् । बुँदा बढीमा दश हरफको बनाउनुहोस्, जस्तै :

एउटा गाँउमा हेर्दा इमान्दार र सुन्दर देखिने चोर बस्नु । चोर साह्रै बाठो हुनु । एकदिन उ चोरी गर्न एउटा पसलमा जानु । चोरेर सामान घरमा ल्याउनु । आमा खुशी हुनु । चोरी गरेको पसलमाके भयो अरे भन्दै जानु र आफूलाई केही थाहा नभए झै गर्नु । सबैसँग छानबिन सुरु हुनु । ऊ त्यहाँबाट डराएर कुलेलाम ठोक्नु । सबैले उसलाई शंका गर्नु र घरमा खानतलासी लिँदा त्योपसलमा भएका सामान भेटिनु र उसलाई प्रहरीले समात्नु । मान्छेको चित्रमात्र होइन चरित्रपनि राम्रो हुनुपर्छ भन्ने सन्देश ।

(ङ) विभिन्न बालकथामा भएका कथा सुनाउनुहोस् र स्वतन्त्र कथा लेख्न प्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलापबाट नै मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. २० गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ : ७ दाजुलाई चिठी अनुमानित घन्टी : ६

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन र शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.चिठी लेखन | २ |
| ४.कार्यमूलक व्याकरण | १ |
| ५.व्यावहारिक लेखन | १ |

## पाठ्यवस्तु : सस्वरवाचन तथा शुद्धोच्चारण घन्टी : १

### १.उद्देश्य

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'दाजुलाई चिठी' पाठलाई सस्वरवाचन गर्न,

(ख) 'दाजुलाई चिठी' पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न,

### २.शिक्षण सामग्री

शब्दपत्ती, गोजीतालिका

### ३.शिक्षण सिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई यो पाठ सस्वरवाचन गर्न लगाउनुहोस् र कथा पढ्दा विद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोटगरी उच्चारणको अभ्यास गराउनुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् र पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् । यस पाठमा यी शब्दहरूको उच्चारण गर्न विद्यार्थीले कठिनाइ महसुस गर्न सक्छन् : स्तब्ध, प्रतीक्षा, दायित्व, निर्णय, प्रतिभा, शीघ्रातिशीघ्र आदि ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा विशेषगरी दोस्रो भाषी नेपाली विद्यार्थीलाई प्राथमिकता दिनुहोस् । शुद्धोच्चारण पश्चात् विद्यार्थीलाई सो पाठको केही अंश श्रुति लेखन गराउनुहोस् ।

### ४.मूल्याङ्कन

(क) 'दाजुलाई चिठी' पाठ सस्वरवाचन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'दाजुलाई चिठी' शुद्धसँग सस्वरवाचन गर्नसक्ने भएर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन

(ख) अनेकार्थी शब्दको फरक बुझ्न,

(ग) कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई पाठ मौनपठन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू टिपोटगरी भन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीबाट नै ती शब्दको अर्थ खोज्नुहोस् । विद्यार्थीले नजानेको खण्डमा सिकाइदिनुहोस् । शिक्षकले सो कथामा विद्यार्थीलाई कठिन लाग्नसक्ने शब्दहरू टिपेर लगेको शब्दपत्ती प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई त्यसको अर्थ सोध्नुहोस् र अर्थपत्ती देखाइ विद्यार्थीले दिएको जवाफ सही हो वा होइन त्यसको मूल्याङ्कन स्वयम्लाई गर्न लगाउनुहोस् । शब्दार्थ शिक्षण गरिसकेपछि विभिन्न शब्दका अनेकार्थी अर्थपनि सिकाउनुहोस् ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । पहिला शिक्षकले लगेको नमुना वाक्यमा प्रयोग देखाउनुहोस् र वाक्यमा प्रयोग गर्दा अर्थ स्पष्ट हुनुपर्छ भन्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दा शिक्षकले सुपरिवेक्षण गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

प्रतिभा, भविष्य, कर्तव्य

**५.गृहकार्य**

अभ्यास नं.८ र ९ गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्तु : चिठी लेखन घन्टी : २

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निर्देशित र स्वतन्त्र रूपमा चिठी लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

चिठीको नमुना

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई चिठी राम्ररी पढ्न लगाउनुहोस् र तिमीहरूले आजसम्म कसैलाई चिठी लेखेका छौ भनेर सोध्नुहोस् । विद्यार्थीले चिठी लेखेको भए यसरी लेखिन्छ भन्छन् ।

(ख)विद्यार्थीसँगको छलफल पश्चात् शिक्षकले लगेको नमुना चिठी प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई चिठी लेख्दा ध्यान दिनुपर्ने कुराका बारेमा छलफल गराउनुहोस् ।

(ग) चिठी लेख्दा ध्यान दिनुपर्ने कुराहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र कुनै एउटा विषय दिएर चिठीलेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको चिठी हेर्नुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

(घ) ढाँचा दिएर चिठी लेखन गरिसकेपछि विद्यार्थीलाई ढाँचा नदिई विषयमात्र दिएर लेख्ने अभ्यास गराउनुहोस् ।

(ङ) चिठी लेखन पश्चात् २/४ जना विद्यार्थीलाई अगाडि बोलाई प्रस्तुत गर्न लगाउनुहोस् र अन्यविद्यार्थीलाई त्यसमा के कमजोरीहरू छन् भनेर सोध्नुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.६, ७ र ८ गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (क्रियाविशेषण)घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू वाक्यमा भएका क्रियाविशेषणलाई पहिचान गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

क्रियाविशेषण लेखिएका वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई वाक्यमा कुनै शब्द सो वाक्यको विशेषता जनाउनेगरी आएको छ भने त्यसलाईक्रियायोगी वा क्रियाविशेषण भनिन्छ भनी उदाहरणसहित सिकाउनुहोस् ।

(ख)वाक्यमा कहाँ कसरी क्रियाविशेषण प्रयोग भएको हुन्छ भन्ने सिकाउनका लागि शिक्षण सामग्रीकोप्रयोग गर्नुहोस् । क्रियाविशेषण सिकाइसकेपछि नामयोगी, संयोजक र निपातका बारेमा पनि शिक्षण गर्नुहोस ।

(ग) क्रियाविशेषणको सामान्य जानकारी दिइसकेपछि पाठमा प्रयोग भएका क्रियाविशेषण खोज्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

(घ) विद्यार्थीले लेखेका क्रियाविशेषणहरू अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) चिठीको तेस्रो अनुच्छेदबाट क्रियाविशेषण खोजेर लेख्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१३, १४ र १५ गरेर आऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : व्यावहारिक लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निमन्त्रणा लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

नमुना निमन्त्रणा पत्र

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क)विद्यार्थीहरूलाई निमन्त्रणा भनेको के हो भनी सोध्नुहोस् र तिमीहरूको घरमा निमन्त्रणा आएकोछ भन्नुहोस् । विद्यार्थीहरूले उत्तर दिएपछि निमन्त्रणालाई हामी निम्तोपनि भन्छौ भन्नुहोस् ।

(ख) निमन्त्रणा मौखिक र लिखित दुवै किसिमको हुन्छ र यहाँ हामी कसरी निमन्त्रणा तयार पार्ने भन्ने सिक्छौ भन्नुहोस् ।

(ग) निमन्त्रणाको नमुना प्रस्तुत गरिसकेपछि कुनै एउटा विषय दिनुहोस् र निमन्त्रणा तयार पार्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले तयार गरेको निमन्त्रणा जाँच गर्नुहोस् र सबैभन्दा राम्रो लेखनलाई कक्षामा सबैलाई सुनाउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) शिक्षण सिकाइ क्रियाकलापबाट नै मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१६ र १७ गरेर ल्याउन निर्देशन गर्नुहोस् ।

## पाठ : ८ मेरो घरअनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.लयबोध र शुद्धोच्चारण | १ |
| २.शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३.भावबोध | १ |
| ४.व्याख्या/भाव लेखन | २ |
| ५.कार्यमूलक व्याकरण | १ |
| ६.कविता लेखन | १ |
| | |

## पाठ्यस्तु : लयबोध र शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) गति, यति, लय मिलाई 'मेरो घर' कविता सस्वरवाचन गर्न,

(ख) 'मेरो घर' कविताका कठिन शब्द शुद्ध उच्चारण गर्न,

**२.शिक्षण साामग्री**

शब्दपत्ती, वाक्यपत्ती, कविताको क्यासेट वा सिडी, फलाटिन पाटी

**३. शिक्षण सिकाइ क्रियाकलाप**

(क) सबै विद्यार्थीहरूलाई पालै-पालो कविता वाचन गर्न लगाउनुहोस् । सबैभन्दा लयबद्ध तरिकाले कुन विद्यार्थीले वाचन गऱ्यो सो कुराको ख्याल गर्नुहोस् । यदि विद्यार्थीले उपयुक्त लय हालेर कविता वाचन गर्न जानेनन् भने शिक्षकले आदर्शवाचन गरेर सुनाउनुहोस् वा उपलब्ध भएसम्म सिडी क्यासेटबाट 'मेरो घर' कविताको उपयुक्त लय सुनाउनुहोस् ।

(ख) कविता वाचन पटक-पटक गराउनुहोस् र वाचन गर्ने क्रममा विद्यार्थीले कुन-कुन शब्द उच्चारणमा कठिनाइ महसुस गरे ती शब्दहरूलाई ख्याल गरी शैक्षणिक पाटीमा टिप्नुहोस् । आफूले टिपेका बाहेक अन्य कुनै शब्दपनि विद्यार्थीलाई कठिन लागेका छन् भनीसोध्नुहोस् र टिपोट गर्नुहोस ।

(ग) यसरी टिपोट गरिएका शब्दहरूलाई पटक-पटक उच्चारण गर्ने अभ्यास गराउनुहोस् । शिक्षक स्वयम्ले सम्भावित उच्चारण कठिनाई भएका शब्दहरू टिपोटगरी ल्याएको शब्दपत्तीलाई फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । 'मेरो घर' कवितामा मस्जिद, ल्होसार, अर्चना, डहाड  जस्ता  शब्दहरूको उच्चारणमा कठिनाई आउन सक्छ । यी शब्दहरू पटक-पटक अभ्यास गराउनुहोस् ।

(घ) कठिन शब्दको उच्चारण गराइसकेपछि पुन : कवितालाई लयबद्ध वाचन गराउनुहोस् । कविता वाचन गराइसकेपछि पहिलो श्लोक श्रुतिलेखन गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) प्रत्येक विद्यार्थीलाई कविताको अंश तोकेर शुद्धसँग लयबद्ध वाचन गराउनुहोस् ।

(ख) शैक्षणिक पाटीमा कठिन शब्दहरू लेखेर व्यक्तिगत तथा सामूहिक रूपमा उच्चारण गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'मेरो घर' कविता आदर्श लयमा शुद्धसँग वाचन गर्नसक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'मेरो घर' कवितामा प्रयुक्त कठिन शब्दको अर्थ बताउन,

(ख) 'मेरो घर' कविताका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कवितामौनवाचन गर्न लगाई कठिन लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका शब्दहरूलाई शैक्षणिक पाटीमा टिप्नुहोस् र विद्यार्थीहरूबाट नै अर्थ खोज्ने प्रयास गर्नुहोस् । विद्यार्थीहरूबाट अर्थ नआएमा शिक्षकले नै बताइदिनुहोस् ।

(ग) शिक्षक टिपेर ल्याएका कठिन शब्दहरूलाई गोजीतालिकाको सहयोगले विद्यार्थीलाई देखाउनुहोस र ती शब्दहरूको अर्थ विद्यार्थीहरूलाई सोध्नुहोस् । प्रश्न सोध्दा अगाडि बसेको विद्यार्थीलाई मात्र नसोध्नुहोस् । विद्यार्थीहरूबाट आएको शब्दको अर्थ सही हो वा होइन भन्नका लागि अर्थपत्ती देखाउनुहोस् र विद्यार्थी स्वयम्लाई हेर्न लगाउनुहोस् ।

(घ) शब्दको प्रकृति हेरी विभिन्न तरिकाले अर्थ सिकाउन सक्नुहुनेछ । अर्थ बताउँदा ती शब्दको विपरीतार्थक र पर्यायवाची शब्दको समेत अभ्यास गराउनुहोस् ।

(ङ) अर्थ जानिसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गर्न लगाउँदा अघि अर्थ सिकाएका ५ वटा शब्द लगाउनुभयो भने २ वटा नयाँ शब्द ('मेरो घर'कविताका) लगाउनुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गरे नगरेको अवलोकन गर्नुहोस् र आफूले वाक्यमा प्रयोग गरेको वाक्यपत्ती प्रस्तुतगरी यसरी पनि वाक्यमा प्रयोग गर्न सकिन्छ भनिदिनुहोस् । यसरी आवश्यकताअनुसार अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अघि सिकाएका शब्दको अर्थ भन्नका साथै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'मेरो देश' कवितामा भएका कठिन शब्दहरूको अर्थ लेखेर वाक्यमा प्रयोग गर्न सक्ने भएर आऊ भन्नुहोस् ।

**पाठ्यवस्तु : भावबोध** **घन्टी : २**

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'मेरो घर' कवितामा आधारित प्रश्नहरूको उत्तर बताउन,

(ख) 'मेरो घर' कविताको मुख्य भाव बताउन,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) कवितालाई मौनपठन गर्न लगाउनुहोस् र विभिन्न प्रश्नहरू सोध्नुहोस् ।

(ख) 'मेरो घर' कविताको भाव पहिचान गर्नका लागि विद्यार्थीलाई एक-एक बुँदा भन्नलगाउनुहोस् । कवितामा के कस्तो कुरा लेखिएको छ सोहीअनुरूप भाव पहिचान गर्न सकिन्छ भन्ने कुरा सिकाउनुहोस् । पहिले एउटा श्लोकको भाव सिकाउने अभ्यास गराउनुहोस् ।

(ग) एउटा श्लोकको भावबोध र सामान्य प्रश्नोत्तर गरिसकेपछि शिक्षकले तयार पारेका छोटा-छोटा बोध प्रश्नहरू सोध्नुहोस् । (प्रश्नहरू यस्ता बनाउन सक्नुहुनेछ)

१ किसानको मन कस्तो छ ?

२ किसानका सहेली कस्ता छन् ?

३ किसानले आफूलाई के भन्छ ?

(घ) यी प्रश्नोत्तर गरिसकेपछि शिक्षकले नमुना भाव प्रस्तुत गर्नुहोस् । एक/दुई श्लोकको भाव लेखिएको सामग्री प्रस्तुत गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई समग्र कविताको भाव लेख्न लगाउनुहोस्, कापी साटासाट गरी जाँच गर्न लगाउनुहोस्, शिक्षकले पनि हेर्नुहोस र सबैभन्दा राम्रो लेख्ने विद्यार्थीलाई धन्यवाद दिनुहोस् । अरु विद्यार्थीलाई पनि सोहीअनुरूप लेख्न अभिप्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) पहिलो श्लोकको भाव भन्न लगाउनुहोस् ।

(ख) अभ्यास नं.२ का प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. ४ र ५ गरेर आउन भन्नुहोस् ।

## पाठ्यवस्तु : व्याख्या /भाव विस्तार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू'मेरो घर' कविताको विशिष्ट पङ्क्तिको व्याख्या/भाव विस्तार गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

'मेरो घर' कविताको विशिष्ट पङ्क्तिको सूची, व्याख्याको नमुना, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविता मौनवाचन गर्न लगाउनुहोस् र विशिष्ट लागेका पङ्क्तिहरू टिप्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्तिहरूलाई नदोहोऱ्याइकन शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ख) विद्यार्थीलाई व्याख्या भनेको कुनैपनि विशिष्ट पङ्क्ति, हरफ, श्लोकको भावसहित विस्तृत रूपमा गरिने व्याख्या हो भनी बझाउनुहोस्र व्याख्या गर्दा आवश्यक पर्ने निम्नलिखित पक्षका बारेमा जानकारी गराउनुहोस् :

पाठको शीर्षक

रचनाकार

दिइएको पङ्क्तिको सार

पङ्क्तिको भावको विस्तार वा व्याख्या

(ग) यी पक्षको जानकारी दिए पश्चात् शिक्षकले लगेको व्याख्याको एउटा नमुना फलाटिन पाटीको सहायताले प्रस्तुत गर्नुहोस् र सबै विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यस कविताबाट तपाईले यो पङ्क्तिलाई नमुना व्याख्याका रूपमा प्रस्तुत गर्न सक्नुहुनेछ :

म मिहिनेती, म कर्मवीर, धर्तीको सन्तान
उमारी अन्न जहान पाल्छु, भन्दछन् किसान ॥

(घ) नमुना व्याख्या देखाइसकेपछि विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र विशिष्ट पङ्क्ति सूची प्रस्तुतगरी त्यसबाट प्रत्येक समूहलाई व्याख्या लेख्न लगाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । सबैभन्दा राम्रोगरी कुन समूहले गऱ्यो ख्याल गर्नुहोस् र अरु विद्यार्थीलाई पनि त्यस्तै गर्न प्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.६ गरेर आऊ भन्नुहोस ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (नाम, विशेषण)घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा भएका नाम शब्द खोजेर लेख्न,

(ख) शब्दको पदवर्ग छुट्याउन,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कविता पढ्न लगाई त्यहाँ भएका नाम र विशेषण कापीमा लेख्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ख) आफूले लगेको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् र त्यहाँ रेखाङ्कन गरिएका शब्दको पदवर्ग छुट्याउन लगाउनुहोस् । यसरी पदवर्ग छुट्याउन लगाउँदा त्यहाँ नाम, विशेषण, करण, अकरण सबै समेटिएको हुनुपर्छ ।

(ग) विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कविता पढी नाम र विशेषण शब्दहरू टिप्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. १४, १५ र १६ सम्म गर्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : कविता लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) कवितालाई शुद्धसँग अनुलेखन गर्न,

(ख) छोटा कविता लेखन गर्न,

**२.शिक्षण सामग्री**

गद्य तथा पद्य कविताका नमुना, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) कुनै एउटा कवितालाई फलाटिन पाटीमा टाँसिदिनुहोस् र विद्यार्थीलाई अनुलेखन गर्न लगाउनुहोस् । अनुलेखन गर्दा के कति अशुद्ध गरे सो को सहपाठी मूल्याङ्कन गर्नलगाउनुहोस् ।

(ख) कविता लेखनका बारेमा छलफल गराउनुहोस् र कुनै विद्यार्थीले कविता लेखेको भए सुनाउन प्रेरित गर्नुहोस् । कविता लेख्नका लागि शीर्षक, शब्द दिएर वा स्वतन्त्र रूपले अभ्यास गराउनुहोस् । कविता लेखन सिर्जनात्मक पाटो हो सबै विद्यार्थीले उत्कृष्ट लेख्न सक्दैनन् भन्ने कुरा ख्याल गर्नुहोस् ।

(ग) विद्यार्थीले कविता लेख्न गरेको प्रयासलाई सकारात्मक तरिकाले पृष्ठपोषण दिनुहोस्, उत्कृष्ट कवितालाई शिक्षकले वाचन गर्नुहोस् र त्यसलाई राम्रो अक्षरमा लेखेर कक्षाकोठामा टाँसिदिनपनि सक्नुहुनेछ ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं. १७ गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. १८ गर्न लगाउनुहोस् ।

## पाठ : ९ विज्ञान अभिशाप नभई वरदान अनुमानित घन्टी :७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २.शब्दभण्डार | १ |
| ३.बोधप्रश्नोत्तर | १ |
| ४.कार्यमूलक व्याकरण | १ |
| ५.सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु : सस्वरवाचन तथा शुद्धोच्चारण घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'विज्ञान अभिशाप नभई' पाठलाई हाउभाउका साथ सस्वरवाचन गर्न,

(ख) 'विज्ञान अभिशाप' पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई यो वादविवाद हाउभाउका साथ सस्वरवाचन गर्न लगाउनुहोस् र वाचन गर्दाविद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोटगरी उच्चारणको अभ्यास गराउनुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् र पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् । यस पाठमा यी शब्दहरूको उच्चारण गर्न विद्यार्थीले कठिनाइ महसुस गर्न सक्छन् : अवस्थित, सभाध्यक्ष, पूर्ववक्ता, कम्प्यूटर, यान्त्रिक आदि ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा विशेषगरी दोस्रो भाषी नेपाली विद्यार्थीलाई प्राथमिकता दिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) 'विज्ञान अभिशाप नभई वरदान' पाठ हाउभाउ सहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

'विज्ञान अभिशाप नभई' पाठ शुद्धसँग सस्वरवाचन गर्नसक्ने भएर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन,

(ख) कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई पाठ मौनपठन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू टिपोटगरी भन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीबाट नै ती शब्दको अर्थ खोज्नुहोस् । विद्यार्थीले नजानेको खण्डमा सिकाइदिनुहोस् । शिक्षकले सो पाठमाविद्यार्थीलाई कठिन लाग्नसक्ने शब्दहरू टिपेर लगेको शब्दपत्ती प्रस्तुत गर्नुहोस्, विद्यार्थीलाई त्यसको अर्थ सोध्नुहोस् र अर्थपत्ती देखाइ विद्यार्थीले दिएको जवाफ सही हो वा होइन त्यसको मूल्याङ्कन स्वयम्लाई गर्न लगाउनुहोस् । शब्दार्थ शिक्षण गरिसकेपछिअनेकार्थी अर्थपनि सिकाउनुहोस् ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । पहिला शिक्षकले लगेको नमुना वाक्यमा प्रयोग देखाउनुहोस् र वाक्यमा प्रयोग गर्दा अर्थ स्पष्ट हुनुपर्छ भन्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दा शिक्षकले सुपरिवेक्षण गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अन्तरिक्ष, विनास, कपो कल्पित, उन्माद

**५.गृहकार्य**

अभ्यास नं.७ देखि र १२ सम्म गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निर्दिष्ट अनुच्छेद पढी सोधिएका बोध प्रश्नको उत्तर दिन सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

बोध प्रश्नहरूको सूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूको समूह विभाजनगरी निर्दिष्ट अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् र आफूले मौनवाचन सुपरिवेक्षण गर्नुहोस् ।

(ख) मौनवाचन पश्चात् शिक्षकले लगेको बोध प्रश्नहरू फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पालैपालो उत्तर सोध्नुहोस् ।

(ग) उपर्युक्त प्रश्नहरूको उत्तर पहिले मौखिक र त्यसपछि लिखित रूपमा दिन लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई प्रस्तुत अनुच्छेदका मुख्य-मुख्य कुरा छोटकरीमा भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ङ) विभिन्न प्रश्नहरू सोध्नुहोस् र ती बुँदाका आधारमा छोटो वर्णन गर्ने अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका प्रश्नहरू सोध्नुहोस् :

(अ) आधुनिक युग मानिसका लागि किन वरदान सावित भएको छ ?

(आ) विज्ञानलाई किन अभिशापपनि भनिएको हो ?

**५.गृहकार्य**

पाठको अभ्यास नं.४, ५ र गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (काल, विशेषण र सङ्गति) घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) वाक्यको काल परिवर्तन गर्न,

(ख) निर्दिष्ट वाक्यहरूबाट विशेषण पहिचान गर्न,

(ग) पदसङ्गति मिलाएर लेख्न,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई वर्तमान कालका ५ वटा वाक्यहरू भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्नुहोस् । ती वाक्यहरूलाई भूत र भविष्यत् कालमा परिवर्तन गर्न लगाउनुहोस् । यस क्रियाकलापमा विद्यार्थीलाई सहयोग गर्नुहोस् ।

(ख) पाठको पहिलो अनुच्छेदबाट विशेषण शब्द कापीमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) पदसङ्गति मिलेका र नमिलेका वाक्यहरू वाक्यपत्तीको सहायताले प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई उपयुक्त वाक्य छान्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई व्यक्तिगत रूपमा कुन वाक्य सङ्गतिका दृष्टिले उपयुक्त छ भनी सोध्नुहोस् र अरु विद्यार्थीलाई उसले भनेको कुरा सही वा गलत के हो छुट्याउन लगाई अन्तरक्रियात्मक कक्षा शिक्षण गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं.१९ र २० गराउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.२१ र २२ गरेर आउ भन्नुहोस् ।

## पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी : २

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलापको अन्त्यमा विद्यार्थीहरू पक्ष वा विपक्षको खण्डनगरी आफ्ना विचारहरू प्रस्तुत गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वादविवादका लागि शीर्षक, नमुना वादविवाद

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीको समूह निर्माण गर्दा जान्ने, नजान्ने दुवैलाई मिलाएर गर्नुहोस् ।

(ख) विद्यार्थीलाई एकपटक पाठ राम्ररी मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले पढिसकेपछि वादविवादका लागि शीर्षक प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई वादविवादका नियमका बारेमा बताउनुहोस् ।

(ग) पक्षमा कुन समूह र विपक्षमा कुन समूह राख्ने भन्नका लागि चिट्ठा गराउनुहोस् र कक्षाको मनिटरलाई अध्यक्ष बनाउनुहोस् । समय हेर्न एकजना विद्यार्थीलाई अगाडि ल्याउनुहोस् ।

(घ) पालैपालो आफ्नो पक्षमा तर्क राख्न लगाउनुहोस् र सबैभन्दा राम्रो तर्क प्रस्तुत गर्ने विद्यार्थीलाई सामान्य केही पुरस्कारको व्यवस्था गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. २३ गर भन्नुहोस् ।

## पाठ : १० ठग समातियो अनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन तथा शुद्धोच्चारण | १ |
| २.शब्दभण्डार | १ |
| ३.मौन पठन र बोधप्रश्नोत्तर | २ |
| ४.भाव व्याख्या | १ |
| ५.कार्यमूलक व्याकरण | १ |
| ६.कथा लेखन | १ |
| | |

## पाठ्यवस्तु : सस्वरवाचन तथा शुद्धोच्चारण घन्टी : १

### १.उद्देश्य

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'ठग समातियो' कथालाई गति, यति मिलाई सस्वरपठन गर्न,

(ख) 'ठग समातियो' कथामा प्रयुक्त कठिन शब्दहरूको शुद्धोच्चारण गर्न,

### २.शिक्षण सामग्री

शब्दपत्ती, गोजीतालिका

### ३.शिक्षण सिकाइ क्रियाकलाप

(क) सर्वप्रथम शिक्षकले शिक्षणप्रति विद्यार्थीलाई उत्प्रेरणा जगाउन छोटो रमाइलो कथा सुनाई कक्षा प्रारम्भ गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र कथाका केही अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् र कथा पढ्दा विद्यार्थीले कुन-कुन शब्दमा कठिनाइ महसुस गरे सो कुराको ख्याल गर्नुहोस् र ती शब्दहरू शैक्षणिक पाटीमा टिपोटगरी उच्चारणको अभ्यास गराउनुहोस् ।

(ग) तपाईले लेखेर लानुभएका पाठका कठिन शब्दहरू गोजीतालिकाको सहयोगले प्रस्तुत गर्नुहोस् यस कथामा यी शब्दहरू उच्चारणमा कठिनाइ आउन सक्छन् : मद्दत, अलमल्याएर, हडबडाएको, अँगालेर आदि र यी शब्दहरूलाई पालैपालो शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

(घ) शुद्धोच्चारणको क्रियाकलाप गराउँदा कमजोर विद्यार्थीहरूलाई प्राथमिकता दिनुहोस् । उच्चारणका साथै श्रुतिलेखनको पनि अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) 'ठग समातियो' कथाको पहिलो र तेस्रो अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१०, ११, र १३ गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ र पर्यायवाची शब्द बताउन,

(ख) कठिन शब्दहरूलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कथा मौनपठन गर्न लगाउनुहोस् र अर्थ नजानेका शब्दहरू टिपोटगरी भन्न निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीलाई कठिन लागेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीबाट नै ती शब्दको अर्थ खोज्नुहोस् । विद्यार्थीले नजानेको खण्डमा सिकाइदिनुहोस् । शिक्षकले सो कथामा विद्यार्थीलाई कठिन लाग्नसक्ने शब्दहरू टिपेर लगेको शब्दपत्ती प्रस्तुत गर्नुहोस् । शब्दार्थ शिक्षण गर्दा सो शब्दको पर्यायवाची शब्दको पनि शिक्षण गर्नुहोस् ।

(ग) शब्दको अर्थ सिकाइसकेपछि ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । पहिला शिक्षकले लगेको नमुना वाक्यमा प्रयोग देखाउनुहोस् र वाक्यमा प्रयोग

गर्दा अर्थ स्पष्ट हुनुपर्छ भन्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्ने अभ्यास गर्दा शिक्षकले सुपरिवेक्षण गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) तलका शब्दहरूको अर्थ,पर्यायवाची शब्द भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

एक्कासि, बर्बाद, हडबडाएर, मद्दत

**५.गृहकार्य**

अभ्यास नं.७, ८ र ९ गरेर आउनु भन्नुहोस् ।

## पाठ्यवस्त : मौनपठन र बोधप्रश्नोत्तर घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निर्दिष्ट अनुच्छेदका आधारमा सोधिएका बोध प्रश्नको उत्तर दिन,

(ख) निर्दिष्ट अनुच्छेदका मुख्य-मुख्य कुरा छोटकरीमा बताउन,

**२.शिक्षण सामग्री**

बोध प्रश्नसूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) शिक्षकले 'ठग समातियो' कथाका अनुच्छेदहरू छनोटगरी विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौनपठन गरे नगरेको निरीक्षण गर्नुहोस् ।

(ख) मौनपठन सकिएपछि बोध प्रश्नहरूको सूची भएको वाक्यपत्ती फलाटिन पाटीमा प्रस्तुत गर्दै विद्यार्थीलाई हरेक प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ग) प्रश्नहरू विद्यार्थीलाई सामूहिक रूपमा राख्नुहोस् र व्यक्तिगत उत्तर लिनुहोस् विद्यार्थीबाट आएका उत्तरहरूलाई आवश्यक सुधार गरिदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई यस कथाको ८ देखि ११ अनुच्छेदसम्मका मुख्य बुँदाहरू टिप्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सुधार गरिदिनुहोस् ।

**४.मूल्याङकन**

(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

१.विराज कहाँ गएको थियो?

२.विराजकी आमालाई ठगले कसरी ठग्न खोज्यो?

**५.गृहकार्य**

अभ्यास नं. ४, ५ र ६ गरेर आऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : भाव व्याख्या घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू 'ठग समातियो' कथाको विशिष्ट पङ्क्तिको भाव व्याख्या/गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण साामग्री**

मुख्य बुँदाको सूची, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई 'ठग समातियो' कथा मौनपठन गर्न लगाउनुहोस् र उनीहरूलाई सो कथामा लागेको विशिष्ट पङ्क्तिलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेकाविशिष्ट पङ्क्तिलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिसकेपछि सबैभन्दा विशिष्ट पङ्क्तिलाई व्याख्या गर्नका लागि बुँदा लेख्न लगाउनुहोस् ।

(ख) व्याख्या गर्दा बुँदा टिपोट गर्नु आवश्यक हुन्छ र बुँदा टिपोटको एउटा नमुना प्रस्तुत गर्नुहोस् सोहीअनुरूप विद्यार्थीलाई सिकाउनुहोस् ।

(ग) शिक्षकले नमुना प्रस्तुत गरिसकेपछि विद्याथीलाई अघि उनीहरूले टिपोट गरेको विशिष्ट पङ्क्तिको व्याख्या गर्नका लागि आवश्यक बुँदा तयार पार्न निर्देशन दिनुहोस् र भावविस्तार गर्न लगाउनुहोस् ।

(घ) भावविस्तार गर्न लगाउँदा कमजोर प्रकृतिका विद्यार्थीहरूप्रति विशेष ख्याल गर्नुहोस्, भावविस्तार गरिसकेपछि २/४ जना विद्यार्थीलाई अगाडि ल्याएर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहयोग गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा क्रियाकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.६ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (विभक्ति र सर्वनाम) घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलापपछि विद्यार्थीहरू निर्धारित अनुच्छेदबाट विभक्ति र सर्वनामको पहिचान गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरू समक्ष विभिन्न विभक्तिहरू प्रयोग भएका वाक्यहरू प्रस्तुत गर्नुहोस् ।

(ख) आगमनात्मक विधिले विभक्ति, सर्वनामका बारेमा शिक्षण गर्नुहोस् । त्यसपश्चात् कसैलाई बोलाउँदा पटक-पटक नामको प्रयोग गर्छौ वा यिनी, तिनी, ऊ, तिमी भन्छौ भनी सोध्नुहोस् र यी शब्दहरू नै सर्वनाम हुन् भन्नुहोस् ।

(ग) विभक्तिका बारेमा अघिल्ला कक्षाहरूमा नै छलफल भएकाले सर्वनामलाई यहाँ बढी जोड दिनुहोस् र सर्वनाम भनेको नामका सट्टामा प्रयोग गरिने शब्द हो भनी भन्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) पाठको तेस्रो अनुच्छेदबाट विभक्ति र सर्वनाम खोजेर लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. १४, १५ र १६ गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : कथा लेखन घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू दिइएको शीर्षक, बुँदाहरूका साथै स्वतन्त्र रूपमा कथा लेख्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, बालपत्रिकाहरू, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई तिमीहरूले आजसम्म कथा लेखेका छौ कि छैनौ भनेर सोध्नुहोस्, यदि कसैले लेखेका रहेछन् भने पढ्न लगाई कक्षा सुरु गर्नुहोस् । शिक्षकले

लगेको वाक्यपत्तीलाई फलाटिन पाटीमा राख्नुहोस् र त्यहाँ लेखिएका कथाका शीर्षकहरूको सूची र कथा लेखनका लागि बुँदाहरू पढ्न लगाउनुहोस् ।

(ख) प्रस्तुत गरेका बुँदाहरू मध्येबाट एउटा नमुना कथा तयार पारेर लगेको कथा प्रस्तुत गर्नुहोस् र विभिन्न बुँदाहरूबाट कसरी कथा लेख्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई अन्य बुँदाबाट कथा तयार पार्न लगाउनुहोस् । कक्षामा नै लेखेर प्रस्तुत गर्नुपर्ने भएकाले छोटो कथा लेख्न लगाउनुहोस् ।

(ङ) विभिन्न बालकथामा भएका कथा सुनाउनुहोस् र स्वतन्त्र कथा लेख्न प्रेरित गर्नुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलापबाट नै मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. २० गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ : ११ हामी एउटै हौँअनुमानित घन्टी : ७

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १.सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २.शब्द भण्डार | १ |
| ३.छलफल र प्रश्नोत्तर | १ |
| ४.व्याख्या | १ |
| ५.कार्यमूलक व्याकरण | १ |
| ६.संवाद लेखन र अभिनय | १ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी : २

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) यो एकाङ्कीलाई हाउभाउ सहित सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयुक्त कठिन शब्दको शुद्ध उच्चारण गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, गोजीतालिका

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई एकाङ्की भनेको एक अङ्कको श्रव्य दृश्य विधा हो भनी बुझाउनुहोस् र पहिलो पृष्ठ नमुना सस्वरपठन गरी सुनाउनुहोस् ।

(ख) चारजना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् र पाठमा भएका पात्रका भूमिका दिई हाउभाउ सहित सस्वरपठन गर्न लगाउनुहोस् ।

(ग) कक्षामा भएका विद्यार्थीलाई पालैपालो यो अवसर दिनुहोस्, र विद्यार्थीले सस्वरपठन गर्दा उच्चारणमा कठिनाइ महसुस गरेका शब्दहरू ख्यालगरी शैक्षणिक पाटीमा टिप्नुहोस् र ती शब्दलाई शिक्षकले शुद्धसँग उच्चारणगरी अनुकरण उच्चारण गराउनुहोस् ।

(घ) पाठमा भएका कठिन शब्दहरूको सूची गोजीतालिकाको माध्यमले प्रस्तुत गर्नुहोस् र शुद्ध, स्पष्ट उच्चारण गराउनुहोस् ।

(ङ) विद्यार्थीलाई सामूहिक र व्यक्तिगत रूपमा नै कठिन शब्दहरूको उच्चारण गर्ने अभ्यास पटक-पटक गराउनुहोस् ।

(च) शुद्धोच्चारणको अभ्यास आवश्यकताअनुसार अघि बढाउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) पहिलो अनुच्छेद सस्वरवाचन गराउनुहोस् ।

(ख) पाठमा भएका सुग्घर, दृश्य, झिजिँदै, कार्यक्रम, सर्वश्रेष्ठ, सङ्ग्रहालय जस्ता शब्दहरू उच्चारण गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. १०-१२ गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दभण्डार घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) पाठमा प्रयुक्त कठिन शब्दको अर्थ बताउन,

(ख) पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्न,

**२.शिक्षण सामग्री**

शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई मौनपठन गर्न लगाउनुहोस् र कठिन लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले रेखाङ्कन गरेका कठिन शब्दहरू भन्न लगाई शैक्षणिक पाटीमा लेख्नुहोस् ।

(ग) यसरी टिपिएका शब्दहरूको अर्थ विद्यार्थीहरूलाई नै भन्न लगाउनुहोस् विद्यार्थीले जानेनन् भने शिक्षकले सिकाइदिनुहोस् ।

(घ) शिक्षक आफूले ल्याएको कठिन शब्दहरू गोजीतालिकामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट अर्थ खोज्ने प्रयास गर्नुहोस् विद्यार्थीको उत्तर सही भयो वा भएन भनेर हेर्ने जिम्मा विद्यार्थीलाई नै दिनुहोस् । आफूले लगेको अर्थपत्ती देखाउनुहोस् ।

(ङ) शब्दको अर्थ सिकाउनुका साथै विपरीतार्थक शब्दपनि सिकाउनुहोस् र शब्दको अर्थ जानिसकेपछि विद्यार्थीलाई सोही शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) शिक्षकले वाक्यमा प्रयोगगरी तयार पारेको वाक्यपत्ती प्रस्तुत गर्नुहोस् । यसैगरी विद्यार्थीलाई पनि पर्याप्त अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) निम्न शब्दको अर्थ भन्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

मञ्च, प्राणी, सर्वश्रेष्ठ, सङ्ग्रहालय, प्रसन्न

**५.गृहकार्य**

अभ्यास नं. ७-९ गरेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : छलफल र प्रश्नोत्तर घन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) 'हामी एउटै हौँ' एकाङ्कीका सम्बन्धमा छलफलमा भाग लिन,

(ख) 'हामी एउटै हौँ' सम्बन्धी विभिन्न प्रश्नोत्तर गर्न,

**२.शिक्षण सामग्री**

नमुना प्रश्नोत्तर, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई पाठ मौनपठन गर्न लगाउनुहोस् र छोटा प्रश्नहरू सोध्नुहोस् ।

(ख) प्रस्तुत पाठलाई समेट्नेगरी प्रश्न बनाएर लानुहोस्, प्रश्नहरू यस्ता बनाउन सक्नुहुनेछ :

१.हामी एउटै हौँ कस्तो विधा हो?

२.हामी एउटै हौँ बाट के सन्देश पायौ?

(ग) विद्यार्थीलाई यी प्रश्नको उत्तर भन्न लगाउनुहोस् र आफूले लगेको नमुना उत्तर देखाइदिनुहोस् ।

(घ) आवश्यकताअनुसार छलफल प्रश्नोत्तर गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं.२ र ३ का प्रश्नहरू सोध्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.४ गरेर आउने निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : व्याख्याघन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू 'हामी एउटै हौँ' एकाङ्कीका विशिष्ट पङ्क्तिको व्याख्या गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण साामग्री**

विशिष्ट पङ्क्ति लेखिएको मेटाकार्ड, व्याख्याको नमुना फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई 'हामी एउटै हौ' एकाङ्की मौनपठन गर्न लगाउनुहोस् र उनीहरूलाई लागेको विशिष्ट पङ्क्तिलाई कापीमा टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेकाविशिष्ट पङ्क्तिलाई हेर्नुहोस् र आफूले लगेको विशिष्ट पङ्क्ति फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । यो पङ्क्तिलाई यहाँ विशिष्ट पङ्क्ति मान्न सकिन्छ : हामीलाई चोटपटक लाग्दा एउटै रातो रङ्को रगत आउँछ, फरक रङ्को आउँदैन ।

(ख) ती विशिष्ट पङ्क्ति मध्येबाट एउटा पङ्क्तिको नमुना व्याख्या प्रस्तुत गर्नुहोस् र सोहीअनुरूप अन्य पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् व्याख्या गर्दा बुँदा टिपोट गर्नु आवश्यक हुन्छ भन्ने कुरा सिकाउनुहोस् ।

(ग) व्याख्या गरिसकेपछि २/४ जना विद्यार्थीलाई अगाडि ल्याएर प्रस्तुत गर्न लगाउनुहोस् जसले गर्दा विद्यार्थीको बोल्ने क्षमताको पनि विकास हुन्छ ।

(घ) आवश्यकताअनुसार विद्यार्थीलाई सहयोग र पृष्ठपोषण दिनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलापकै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.५ र ६ गरेर आउन भन्नुहोस् ।

## पाठ्यवस्तु : कार्यमूलक व्याकरण (काल) घन्टी : १

**उद्देश्य**

यस शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरू निम्न कार्यमा सक्षम हुनेछन् :

(क) निम्न निपातहरूलाई वाक्यमा प्रयोग गर्न,

नै, त, पो, क्यारे, खै, रे

(ख) निर्देशित अनुच्छेदमा भएका क्रियापद छुट्याउन,

**२.शिक्षण सामग्री**

वाक्यपत्ती, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीलाई निपातका बारेमा बताइदिनुहोस् र माथिका शब्दहरूमध्ये दुईवटा शब्दलाई वाक्यमा प्रयोग गरेको नमुना देखाउनुहोस् र सोअनुरूप नै अन्य शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) निपातलाई वाक्यमा प्रयोग गरिसकेपछि एकाङ्कीमा भएका आज्ञार्थक, इच्छार्थक क्रियापद छुट्याई कापीमा लेख्न लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई आफूले लेखेको प्रस्तुत गर्न लगाउनुहोस् र कुन विद्यार्थीले कतिवटा भेट्यो सो कुराको ख्याल गर्नुहोस् र आवश्यकताअनुसार यो अभ्यास गराउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) अभ्यास नं. १५ गर्न लगाउनुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं.१३ र १४ गरेर आऊ भन्नुहोस् ।

## पाठ्यवस्तु : संवाद लेखन र अभिनयघन्टी : १

**१.उद्देश्य**

यस शिक्षण सिकाइ पश्चात् विद्यार्थीहरू आफूले जानेको विषयमा संवाद लेखी अभिनय गर्न सक्षम हुनेछन् ।

**२.शिक्षण सामग्री**

संवादको शीर्षक, फलाटिन पाटी

**३.शिक्षण सिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम दुई वा सो भन्दा बढी व्यक्तिको कुराकानी नै संवाद हो भन्नुहोस् र आफूले लगेको संवादको शीर्षक फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । संवादको शीर्षक यस्तो दिन सक्नुहुनेछ :

तिम्रो साथीसँग पहिलो दिन कक्षामा भएको चिनजानको स्मरणगरी छोटो संवाद गर ।

(ख) दुईजना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् र माथिको शीर्षकमा संवाद गर्न लगाउनुहोस् ।

(ग) अन्य विद्यार्थीलाई ध्यान दिएर सुन्न लगाउनुहोस् ।

(घ) दुईजनाको कुराकानी सकिएपछि अरु दुईजना विद्यार्थीलाई अगाडि लानुहोस् र सोही शीर्षकमा संवाद गर्न लगाउनुहोस् र आवश्यक सहयोगपनि गरिदिनुहोस् ।

(ङ) यसरी अगाडि लैजादा कक्षामा खासै नबोल्ने र पछाडि बस्ने विद्यार्थीमा ध्यान पुऱ्याउनुहोस् ।

**४.मूल्याङ्कन**

(क) कक्षा कार्यकलाप कै आधारमा मूल्याङ्कन गर्नुहोस् ।

**५.गृहकार्य**

अभ्यास नं. १६ गरेर आउन भन्नुहोस् ।

# अध्याय - सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

शिक्षक निर्देशिका शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सहजता प्रदान गर्ने मार्ग निर्देशक शैक्षिक सामग्री हो । यसलाई शिक्षकको साथीका रूपमा पनि लिन सकिन्छ । विद्यालयमा प्रयोग गरिने निर्देशिका पाठ्यक्रम विकास केन्द्रले विषय विज्ञहरूसँगको सङ्लग्नतामा निर्माण गर्ने गर्दछ । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न कक्षा कोठामा राम्रो शिक्षण हुन जरुरी हुन्छ, जसका लागि पढाउने विषयवस्तुमा शिक्षक दक्ष हुनुपर्दछ । शिक्षकमा सो दक्षता हासिल गर्नका लागि शिक्षक निर्देशिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

प्रस्तुत शोध 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' शीर्षकमा गरिएको छ । यसमा शिक्षक निर्देशिका प्रयोगसम्बन्धी शिक्षक र विशेषज्ञको धारणा, शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्या र समाधानका उपायहरू र कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन भन्ने उद्देश्य राखिएको छ । प्रस्तुत शोधमा पाँचथर जिल्लाका पाँचवटा आधारभूत विद्यालयका दशजना शिक्षक, शिक्षिकालाई र पाठ्यक्रम विकास केन्द्रका दुईजना विशेषज्ञलाई नमुनाका रूपमा लिइएको छ ।

नमुना जनसङ्ख्यामध्ये शिक्षकलाई प्रश्नावली, अन्तर्वार्ता र मतावली मार्फत शिक्षक निर्देशिकासम्बन्धी विभिन्न धारणाहरूका साथै निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू सोधिएको छ र ती समस्याहरूलाई विशेषज्ञ समक्ष राखेर समाधानका उपायहरू शिक्षक निर्देशिकासम्बन्धी भावी रणनीतिहरूका बारेमा पनि अन्तर्वार्ता गरिएको छ । त्यसका साथै कक्षा आठको नेपाली पुस्तकको विभिन्न विधाका ११ वटा पाठका लागि नमुना शिक्षक निर्देशिका समेत तयार पारेर यो शोध तयार पारिएको छ ।

शिक्षक निर्देशिकाको प्रयोगको स्थितीलाई हेर्दा समयमा नै विद्यालयमा निर्देशिका नपुगेको, यसमा विद्यालय प्रशासन, शिक्षक तथा पाठ्यक्रम विकास केन्द्रले पनि प्रभावकारी भूमिका निभाएको देखिदैन । पाठ्यपुस्तकमा मात्र सीमित हाम्रो शिक्षण कार्यकलापलाई पाठ्यक्रम र निर्देशिकाबाट पनि शिक्षण गर्न सकिन्छ भन्ने धारणा जबसम्म शिक्षकमा हुदैँन र प्रत्येक विद्यालयमा जबसम्म इन्टरनेटको पहुँच पुग्दैन तबसम्म निर्देशिका प्रयोगको अवस्था खासै सुध्रनसक्ने देखिदैन ।

## ७.२ निष्कर्ष

कक्षा आठका लागि शिक्षक निर्देशिका लेखनका क्रममा आधारभूत तहमा अध्यापनरत शिक्षकहरूका साथै शिक्षक निर्देशिका निर्माताहरूको शिक्षक निर्देशिकासम्बन्धी विभिन्न धारणाहरू लिनुका साथै कक्षा आठको नेपाली पाठ्यपुस्तकको ११ वटा फरक-फरक विधाका पाठका लागि निर्देशिका लेखन समेत गरी यो शोधपत्र तयार पारिएको हो । शिक्षक निर्देशिका लेखन शीर्षकको शोधपत्र लेखनको अभाव पूर्तिका साथै शिक्षकहरूबाट प्राप्त सुझावलाई समेटेर यो शोधपत्र तयार पारिएको छ ।प्रस्तुत शोध मुख्यत : सैद्धान्तिक विधिअन्तर्गत पुस्तकालय पद्धतिद्वारा गरिएको भएतापनि यसमा क्षेत्रीय विधिको समेत प्रयोग गरिएको छ ।

पाँचथर जिल्लाका आधारभूत तहका दशजना शिक्षकहरूलाई विभिन्न प्रश्नावली मार्फत शिक्षक निर्देशिकासम्बन्धी धारणा सोध्नुका साथै यसको प्रयोगमा देखापरेका समस्याहरू समेत सोधिएको थियो । जसमा शिक्षक निर्देशिका समयमा नै विद्यालयमा आइनपुगेको, निर्देशिकाअनुरूप शिक्षण गर्दा समयमै शिक्षण गरी नसकिने, निर्देशिकामा उदाहरणहरू कम भएको भन्ने जस्ता समस्याहरू शिक्षकले प्रस्तुत गरेका थिए, ती समस्याहरूलाई विशेषज्ञ सामु राख्दा अबका दिनहरूमा निर्देशिका छपाइ नहुने, इन्टरनेटमा राखिएको निर्देशिकालाई शिक्षकले हेर्नुपर्ने र निर्देशिकामा भएका कमी कमजोरीहरूका सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रलाई जानकारी दिनुपर्ने भन्नुभयो । यसबाट के देखिन्छ भने शिक्षकलाई इन्टरनेटबाट निर्देशिका हेर्नुपर्छ भन्ने ज्ञान छैन भने सबै विद्यालयमा प्रविधिको पहुँच समेत छैन ।

निर्देशिका निर्माण गर्नुमात्र पाठ्यक्रम विकास केन्द्रले आफ्नो जिम्मेवारी नठानेर यसको प्रभावकारिता तर्फपनि ध्यान दिन जरुरी देखिन्छ भने निर्देशिका शिक्षणको क्रममा शिक्षकको साथी भएकाले शिक्षक स्वयम्पनि यसको प्रयोगमा सचेत हुनुपर्दछ । विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउनका लीगि विद्यालय प्रशासनपनि उत्तिकै सचेत हुनुपर्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा निर्देशिकाको प्रयोगबाट शिक्षणमा केही सहजता आएतापनि यसलाई प्रभावकारी बनाउनका लागि विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने, निर्देशिकामा भए बमोजिम कक्षा सञ्चालनका लागि शिक्षक तालिमको व्यवस्था गर्नु, विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था, विषयवस्तुअनुरूपको पाठ्यभारको निर्माण र निर्देशिका प्रयोग भएको/नभएको अनुगमनगरी आवश्यक पक्षमा सुधार गर्न सकेमा निर्देशिकाको प्रयोग र प्रभावकारिता उद्देश्यअनुरूप हुने देखिन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' शीर्षकको शोधमा शिक्षक र विशेषज्ञको धारणा प्रस्तुत गर्नुका साथै नमुना शिक्षक निर्देशिका लेखनको कार्य समेत गरिएको छ । नमुना शिक्षक निर्देशिका लेखन कार्यका साथै विभिन्न प्रश्नावली, अन्तर्वार्ता, मतावली मार्फत प्राप्त गरिएको तथ्य निम्न क्षेत्रमा उपयोगी रहने छ :

- शिक्षक निर्देशिका प्रयोग नगरी शिक्षण गर्ने शिक्षकहरूलाई शिक्षक निर्देशिकाको महत्त्व बुझाइ निर्देशिकाअनुरूप शिक्षण गर्न प्रेरित गर्दछ ।
- शिक्षक निर्देशिकामा देखिएका कमी कमजोरीहरू हटाउन मद्दत पुग्दछ ।
- पाठ्यक्रम, पाठ्यपुस्तक सँगै शिक्षक निर्देशिकापनि परिमार्जन गर्नुपर्ने कुरामा सचेत तुल्याउछ ।
- शिक्षक निर्देशिकामा देखिएका कमी कमजोरीहरू हटाउन पाठ्यक्रम विकास केन्द्रलाई सुझाव दिन ।
- प्रत्येक विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने कुरामा जोड दिन ।
- विभिन्न विधाका लागि शिक्षक निर्देशिका लेखनमा शोध तयार पार्न ।
- शिक्षक स्वयम्लाई निर्देशिका प्रयोगसम्बन्धी सचेत गराउन ।

यसरी कक्षा आठका लागि नमुना शिक्षक निर्देशिका लेखन कार्यका साथै पाँचथर जिल्लाका शिक्षकहरू र पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञहरूबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको यो शोधपत्र पाठ्यक्रम विकास केन्द्र र शिक्षकहरूका लागि निकै उपयोगी रहने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, विष्णुप्रसाद (२०७३/७४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री भाग-दुई नेपाली,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि.बागबजार ।

खाती, शारदाकुमारी (२०६६/६७), 'कक्षा आठको कथा विधाका लागि शिक्षक निर्देशिकाको निर्माण' *स्नातकोत्तर शोधपत्र* नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँ ।

गौतम, मनकुमार (२०६४), 'प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन', *स्नातकोत्तर शोधपत्र,*नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

घिमिरे, मुरलीधर (२०७३),*शोधप्रस्तावका अङ्गहरू,*नेपाली भाषा शिक्षा विभागको आयोजनामा विभागमा प्रस्तुत अवधारणापत्र, त्रि.वि.कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०७३), *नेपाली भाषापाठ्यपुस्तक तथा शिक्षणपद्धति,* काठमाडौँ : एस.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स भोटाहिटी ।

दाहाल, बलराम (२०७१), 'माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितासम्बन्धी अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

नेपाल, रोमराज (२०६६), 'उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धीअध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३), नेपाली कक्षा ८, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६९), आधारभूत शिक्षा पाठ्यक्रम (६-८), ८, भक्तपुर :

पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७०), शिक्षक निर्देशिका नेपाली कक्षा ६,भक्तपुर :पाठ्यक्रम
विकास केन्द्र ।

पुलामी, धनबहादुर (२०६८), 'उच्च माध्यमिक तह कक्षा एघारको शिक्षक निर्देशिकाको प्रयोग र
प्रभावकारितासम्बन्धी अध्ययन',*स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग,
त्रि.वि.कीर्तिपुर ।

पौडेल, राजेन्द्र र सि.एन.पण्डित (२०६८), *आधुनिक अनुसन्धान पद्धति लेखन तथा मूल्याङ्कन,*
काठमाडौँ : प्रज्ञा प्रकाशन ताहाचल ।

पौड्याल, डिलकुमारी (२०७०), 'कक्षा आठको जीवनी विधाका लागि शिक्षक निर्देशिकाको निर्माण',
*स्नातकोत्तर शोधपत्र* नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँ ।

प्रसाई, फुलमाया (२०७३), 'माध्यमिक तह कक्षा दसमा नेपाली शिक्षणका सन्दर्भमा शिक्षक निर्देशिका प्रयोगको वर्तमान अवस्था',*स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,*काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बस्याल, राधिका (२०७३), 'कक्षा चारमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिताको अध्ययन',
*स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०७३), *पूर्वकार्यको समीक्षा लेखन,*नेपाली भाषा शिक्षा विभागको आयोजनामा विभागमा प्रस्तुत अवधारणापत्र, त्रि.वि.कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६९), *शोधप्रस्तावका प्रमुख अङ्गहरू,*सम्प्रेषण वर्ष - ७ अङ्क - ७ नेपाली
भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

...........(२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,*काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ताहाचल ।

भुसाल, निमानन्द (२०५९), 'अर्घाखाँची जिल्लामा माध्यमिक विद्यालय तहमा नेपाली शिक्षणमा
शिक्षणसामग्री प्रयोगको वर्तमान स्थिति',*स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

शर्मा एम.आर र महाश्रम शर्मा (२०७२।७३), *अध्यापन अनुमतिपत्र परीक्षा सारथी,* काठमाडौँ :
गुडविल पब्लिकेशन प्रा.लि ।

पाठ्यक्रम विकास केन्द्रको वेभसाइड **www.moecdc.gov.np**(२०७४।०३।०५) ।